जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २६७ • २०८० साल फाल्गुन ११ गते शुक्रबार (23 Feburary, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

### मधेश प्रदेश माओवादी स्थायी कमिटीको एजेण्डा

# भारतीय भूमिमा बैठक गर्ने सभासदहरुलाई कारवाही गर्न माग

**किरणकुमार कर्ण**

जनकपुरधाम । मधेश प्रदेश सरकार ढाल्न अगुवाइ गरेको माओवादी केन्द्रमा आन्तरिक विवाद चर्किएको छ । गठबन्धन दलको नेतृत्व समेत गरिरहेका पार्टी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशन विपरीत मधेश प्रदेशमा भएको सत्ता परिवर्तनको खेलमा लागेकाहरुलाई कारवाही गर्न माग उठेको छ ।

माओवादी केन्द्र मधेश प्रदेश संसदीय दलका नेता भरत साहले भारतीय भूमिमा सभासदहरुलाई लगेर गठबन्धन नेतृत्वको सरकार ढालेर आफू मुख्यमन्त्री बन्न गरेको असफल प्रयासको पार्टी भित्र चर्को आलोचना हुन थालेको छ ।

पार्टीका नेताहरुले सरकार ढाल्ने खेलमा लागेका सभासदहरुलाई कारवाही गर्नुपर्ने धारणा सार्वजनिक रुपमा व्यक्त गर्न थालेका छन् ।

पूर्व मन्त्री एवं एमालेका युवा नेता उमेश यादवले माओवादी सभासदहरुलाई बैठकका लागि भारतीय भूमिमा लग्नेहरुलाई सार्वजनिक गरी कारवाही गर्न माग गरेका छन् ।

'केन्द्र सरकारको जग नै हल्लाउने, भत्काउने गरी मधेश सरकारलाई विश्वासको मत न दिन भारत, बिहारको सुरसण्डमा बार म्बार बैठक गरेकाहरु माथि कारवाही हुनुपर्छ ' यादवले भनेका छन्, पर्दा पछाडिका खलनायकहरु को को रहेछन् ? भन्ने आमजनताले थाहा पाउनुपर्छ ।

मधेश प्रदेशमा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री रहेकी माओवादी नेतृ सुनिता यादवले पनि भारत सुरसण्ड बैठकको कडा आलोचना गरेकी थिइन् । सरकार ढालेर मुख्यमन्त्री हुने विश्वासमा रहेका भरत साहको नाम नलिइकनै मन्त्री यादवले उनको आलोचना गरेकी छन् ।

'राजनीतिमा धैर्य हुनु अति आवश्यक छ । आफू पटक-पटक अवसर पाउदा सबै ठिक हुने । थोरै दिन के सत्ता बाट बाहिर हुनु पर्छ ,जे गल्ती गर्न नि तयार हुने ' उनले सामाजिक सञ्जालमा लेखेकी छन् ,यस्तो राजनीति प्रवृत्तिले हामीलाई कहा पुर्‍याउने हो?सबैले आज सोच्नु पर्ने विषय हो ।

> सत्ता समीकरण नै भत्काउने खेलको माओवादीले नेतृत्व गरेको विषय गम्भीर रहेको माओवादी मधेश प्रदेशका ईञ्चार्ज लिलामणी पोखरलले बताए । 'संघीय गठबन्धनका शीर्ष नेताहरुले गरेको निर्णय विरुद्ध प्रदेशका सभासदहरु जानु गम्भीर विषय हो ' उनले भने, माओवादी स्थायी कमिटीको जारी बैठकमा मधेश प्रदेशमा भएको पछिल्लो राजनीतिक घटनाक्रम पनि एजेण्डा रहेको छ ।

यादवलाई मन्त्री बनाइएदेखि नै साह असन्तुष्ट बनेका छन् । संसदीय दलको नेताको हैसियतमा उनले आफूलाई नै मन्त्रीका लागि नाम सिफारिस गरेका थिए । तर पार्टी अध्यक्ष प्रचण्डले नै मन्त्रीका लागि यादवको नाम मुख्यमन्त्रीलाई पठाएपछि साह मन्त्री हुनबाट रोकिएका थिए ।

गठबन्धनमा रहेर सरकारको आलोचना गर्दै आएका साहले पछिल्लो पटक मुख्यमन्त्री नै हुने गरी भारतीय भूमिमा गठबन्धन भत्काउने गरेको बैठकपछि निकै आलोचित हुन थालेका छन् ।

सरकार ढाल्ने खेल असफल भएपछि साहले पनि प्रदेश सभामा मुख्यमन्त्रीलाई विश्वासको मत दिएका थिए । विश्वासको मत माओवादीका सबै सभासदहरुले दिएका थिए ।

हाल प्रदेश सभामा रिक्त रहेको दुई मन्त्रालय मध्ये एउटा मन्त्रालय माओवादले पाउने निश्चित नै छ । माओवादीमा विरोध हुन थालेपछि साहको संभावना कमजोर भएको नेताहरुले बताउन थालेका छन् ।

सत्ता समीकरण नै भत्काउने खेलको माओवादीले नेतृत्व गरेको विषय गम्भीर रहेको माओवादी मधेश प्रदेशका ईञ्चार्ज लिलामणी पोखरलले बताए । 'संघीय गठबन्धनका शीर्ष नेताहरुले गरेको निर्णय विरुद्ध प्रदेशका सभासदहरु जानु गम्भीर विषय हो ' उनले भने, माओवादी स्थायी कमिटीको जारी बैठकमा मधेश प्रदेशमा भएको पछिल्लो राजनीतिक घटनाक्रम पनि एजेण्डा रहेको छ ।

भारतीय भूमिमा भएको बैठकमा सहभागी हुनु गलत भएको उल्लेख गर्दै नेता पोखरेलले भने, नेपाली भूमिमा गरेको भए गम्भीर विषय नहुन पनि सक्थ्यो । उनले बैठकमा अन्य दलका सभासदहरुको पनि सहभागिता रहेकाले त्यस विषयमा छलफल हुने बताए ।

मधेश प्रदेश सरकारमा सहभागी रहेका नेपाली कांग्रेस, जनता समाजवादी पार्टी( जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), माओवादी र नेकपा एस मध्ये लोसपा र माओवादी गठबन्धन भत्काउने खेलमा सकृय देखिएको थियो ।

सरकार ढाल्न भएको खेलमा सहभागी रहेका माओवादी नेताहरुलाई कारवाही हुन सक्ने संभावना बढेको छ । तर लोसपामा कारवाहीको संभावना छैन् । लोसपाका वरिष्ठ नेता समेत रहेका श्रम मन्त्री शरतसिंह भण्डारीले सामाजिक सञ्जालमा बैठकप्रति असन्तुष्टि जनाए पनि अध्यक्ष महन्थ ठाकुर मौन रहेका छन् ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

- यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
- यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९

## अन्तर्घात घटउन सके पार्टी बलियो हुने : सभापति यादव

**टुडे समाचारदाता**




काठमाण्डु । मधेश प्रदेशका सभापति कृष्ण यादवले महासमिति सदस्यहरूले निर्वाचनका क्रममा बद्‌दो अन्तर्घात घटाउन सके पार्टी बलियो हुँदै जाने र टिकट वितरणलाई पारदर्शी बनाउनुपर्ने सुझाव प्राप्त गरेको जानकारी गराए ।

कांग्रेस महासमिति बैठकमा टिकट नपाएका साथीहरूले नै अर्को साथीलाई हराउन लागेका कारण अन्तर्घात बढेको उल्लेख गर्दै उनले भने-'टिकट पाउने फिल्डमा खटिन्छ भने नपाउने हराउन लाग्छ ।' पार्टीमा क्रियाशील सदस्यहरुको संख्या बढी रहे पनि निर्वाचनको समयमा आएर हुने अन्तर्घातले आफैले आफैलाई पराजित गर्नु परेको उनको भनाइ थियो ।

त्यसैगरी कांग्रेसमा युवापुस्ताको आकर्षण घट्दै गएको विषयमा मधेश प्रदेशका महासमिति सदस्यहरू उठाएको उनले जानकारी गराए । 'महाधिवेशन र महाधिवेशनबीच दुई वर्ष फरक गर्नुपर्छ । यसो गर्दा सकारात्मक परिणाम प्राप्त गर्न सकिन्छ भन्ने आवाज उठेको छ,' उनले भने ।

सभापति यादवले मधेशमा काग्रेस ठूलो पार्टी भए पनि सरकारको नेतृत्व लिन नसकेको पनि गुनासो आएको बताए ।

Study in CHINA
MBBS PROGRAM
GOVERNMENT UNIVERSITY English Medium*
西南医科大学
SOUTHWEST MEDICAL UNIVERSITY
大理大学
DALI UNIVERSITY
Meet University Representative
Mr. Milan Gyawali, in Janakpur
Mobile: 9851030626



Celebrating 20 GLORIOUS YEARS
In Medical Education Counselling service
800+ ENROLLED
600+ GRADUATED
Apply now Get Offer in Admissions
MAR / SEP 2024 SESSIONS

SPEED International
Your education partner
SINCE 2004
Putalisadak, Kathmandu,
T : +977 1 4545712/4545713
Email: info@speedint.com.np

Vision Point Educational Service Pvt.Ltd
Your bright future starts here
Local Contact:
Vidhyapati Chowk Janakpur
Mob: 9801602000

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE

विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था




सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर,
जनकपुरधाम-८, धनुषा

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू




लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

पिपरा गाउँपालिका
पिपरा, महोत्तरी, मधेश प्रदेश

# यसरी सम्भव भयो त्रिविको उपकुलपति नियुक्ति



टुडे समाचारदाता

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयका कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिविको ४९औँ दीक्षान्त समारोहमा सम्बोधन क्रममा क्षमता र दक्षताको आधारमा मात्रै उपकुलपति नियुक्ति गर्ने घोषणा गरेका थिए । उनले सोहीअनुसार त्रिविलाई सूचना जारी गर्न निर्देशन दिए ।

खुला प्रतिस्धर्पाका आधारमा त्रिविका उपकुलपति नियुक्तिका लागि सूचना प्रकाशित गरिए पनि तीन वर्ष पदाधिकारी भएको हुनुपर्ने सर्त राखिएपछि प्रधानमन्त्री दाहालले पुनः सूचना प्रकाशित गर्न निर्देशन दिनुभएको थियो । सोहीअनुसार नै नियुक्त प्रक्रिया अगाडि बढेको थियो ।

त्रिविले कार्यविधि संशोधन गरेर जारी गरेको सूचनाको आधारमा उपकुलपतिका लागि ४३ जनाको आवेदन परेको थियो । दरखास्त दिएका ४३ मध्ये प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि १४ जना छानिएका थिए । प्रधानमन्त्री दाहालले सोहीअनुसार उपकुलपति नियुक्तिको आधार तयार गर्न कस्ता प्रावधान बनाउने भन्ने विषयमा विज्ञसँग छलफल गरेका थिए ।छलफलका आधारमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईको नेतृत्वमा उपकुलपति छनोट तथा सिफारिस समिति बनाइएको थियो । सिफारिस समितिले त्रिविको उपकुलपति नियुक्तिका लागि प्रधानमन्त्री दाहाल समक्ष चित्रबहादुर बुढाथोकी, प्रा डा केशरजङ्ग बराल र टङ्कनाथ धमलाको नाम सिफारिस गरेको थियो ।कुलपतिसमेत रहनुभएका प्रधानमन्त्री दाहालले त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा १८(२) अनुसार विहिबार प्रा डा केशरजङ्ग बराललाई उपकुलपतिमा नियुक्त गरेका छन् । प्रधानमन्त्री दाहालले तीन जनाको नाम सिफारिस गर्दा 'मेरिटोक्रेसी' पालना भए/नभएको बारेमा अध्ययन गरेका थिए । त्यसलगतै शिक्षामन्त्री राई एवं शिक्षा सचिव सुरेश अधिकारीसँग छलफल गरेर बराललाई उपकुलपतिमा नियुक्ति गर्नुभएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ ।

# लामिछानेद्वारा उच्च अदालत पाटनमा पुनरावेदन दर्ता




टुडे समाचारदाता

काठमाण्डु । क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई बलात्कारको मुद्दामा दोषी ठहर गर्ने काठमाडौँ जिल्ला अदालतको फैसलाविरुद्ध उच्च अदालत पाटनमा पुनरावेदन मुद्दा दर्ता भएको छ ।

उच्च अदालत पाटनका रजिष्ट्रार मानबहादुर कार्कीका अनुसार मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ अनुसार थुनाबाहिरै बसेर मुद्दा लड्न पाउने गरी विहिबार पुनरावेदन मुद्दा दर्ता भएको हो । लामिछानेलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३७ को सुविधा दिइएको हो ।

काठमाडौँ जिल्ला अदालतका न्यायाधीश शिशिरराज ढकालको एकल इजलासले क्रिकेट खेलाडी लामिछानेलाई गत पुस २५ गते आठ वर्ष कैद, रु तीन लाख जरिवाना र रु दुई लाख क्षतिपूर्ति निर्धारण गरेको थियो । गत पुस १३ गते गौशाला-२६ माथिको बलात्कार मुद्दामा लामिछानेलाई दोषी ठहर गर्ने उक्त अदालतले निर्णय गरेको थियो ।लामिछानेविरुद्ध २०७९ भदौ २१ गते बालिका बलात्कार गरेको उजुरी परेपछि उनलाई गत वर्ष असोज २० गते त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको थियो ।

# पिपरामा १३ गतेदेखि खोप अभियान




**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको पिपरा गाउँपालिकामा फागुन १३ गतेदेखि दादुरा रुबेला बिरुद्धको खोप अभियान सुरु गरिने भएको छ । ९ महिनादेखि १५ वर्षसम्मका बालबालिकाहरुलाई लक्षित गरी स्वास्थ्य कार्यालय महोत्तरी र पालिकाको स्वास्थ्य शाखाको संयोजनमा पालिका भरि दादुरा रुबेला बिरुद्धको खोप अभियान संचालनमा ल्याउन लागिएको जानकारी पिपरा गाउँपालिकाका प्रशासकीय अधिकृत सर्वजीतकुमार झाले जानकारी दिए । गाउँपालिकामा फागुन १३ गतेदेखि फागुन १९ गतेसम्म पालिकाको ७ वटै वडामा संचालनमा ल्याइने उनले बताए ।

लक्षित समूह विद्यालयका बालबालिका बढी रहेका कारण बिहीबार शिक्षक शिक्षिकाहरुकालागि एक दिने अभिमूखिकरण गोष्ठी राखिएको थियो । स्थानीय तह (पालिका) स्तरीय खोप समन्वय समिति तथा स्वास्थ्यकर्मी र सरोकारवलाको एक दिने अभिमूखिकरण गोष्ठीमा बालबालिकाको चाप रहने स्थानमा २५० जनामा २ जना स्वास्थ्यकर्मी र १२५ जनामा १ जना स्थास्थ्यकर्मी परिचालन गरिने जनाइएको छ । वडा १ देखि ७ सम्म विहान १० बजे देखि ४ बजे सम्म खोप अभियान सञ्चालन गरिने जनाइएको छ ।

अभियानलाई लक्षित गरी पिपरा गाउँपालिकामा आयोजना गरिएको स्थानीय तह स्तरीय खोप समन्वय समितिको बैठक एवं अभिमूखिकरण गोष्ठीमा दुई चरणमा बालबालिकालाई खोप लगाइने स्वास्थ्य महाशाखाले जनायो । गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले कोही बालबालिका खोपबाट बञ्चित नहुने गरी खोप अभियान संचालनमा ल्याउन आग्रह गरे ।

त्यस्तै शुक्रबार स्वयंमसेविका, जिसस तथा सदस्यहरुकालागि एक दिने गोष्ठी राखिने पिपरा गाउँपालिकाले जनाएको छ ।

## सूर्य नेपाल वेस्टर्न ओपन

# कोर्स रेकर्ड सहित भुवन शीर्ष स्थानमा कायमै




**टुडे समाचारदाता**

पोखरा। पूर्व नम्बर एक प्रो गल्फर भुवन नगरकोटी सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको चौंथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपनको दोस्रो दिन कोर्स रेकर्ड सहित शीर्षस्थानमा कायमै रहेका छन्।

पोखरास्थित पार-६९ को हिमालयन गल्फ कोर्समा ७-अन्डर ६२ को रेकर्ड सहित भुवनले ३६ होलको समाप्तीमा १०-अन्डर १ सय २८ को उत्कृष्ट प्रदर्शन गरे। उनले सन २०१७ मा शिवराम श्रेष्ठको नाममा रहेको ६-अन्डर ६३ को रेकर्ड तोडेका हुन्।

भुवनले रवि खड्का र एमेच्योर गल्फर सदभाव आचार्यमाथि ११ स्ट्रोकको सानदार अग्रता बनाउँदै उपाधि जित्ने सम्भावनालाई मजबुत बनाएका छन्। समग्रमा १-ओभर १ सय ३९ को नतिजामा रवि र राष्ट्रिय गल्फ टिमका सदस्य सदभाव संयुक्तरुपमा दोस्रो स्थानमा छन्। रबिले १-ओभर ७० र सदभावले ३-ओभर ७२ मा दोस्रो दिनको खेल सकाए।

समग्रमा ४-ओभर १ सय ४२ सहित धरानका प्रो निरज तामाङ चौथो स्थानमा रहे। उनले आज ४-ओभर ७३ को कार्ड तयार पारे। प्रदीप कुमार लामा र दीपक मगरले समग्रमा ६-ओभर १ सय ४४ को नतिजामा पाँचौ स्थान बाँडे। प्रदीपले इभन-पार ६९ र दीपकले ३-ओभर ७२ मा दोस्रो दिनको खेल पुरा गरे।

यसैगरी जयराम श्रेष्ठ, शिवराम पौडेल, दल बहादुर लामा, बलभद्र राई र एमेच्योर सुन्दर राई समग्रमा ७-ओभर १ सय ४५ सहित संयुक्तरुपमा सातौं स्थानमा रहेका छन्। जयरामले १-अन्डर ६८, शिवराम पौडेलले २-ओभर ७१, दल बहादुरले ३-ओभर ७२ तथा बलभद्र र सुन्दरले समान ४-ओभर ७३ स्कोर गरे।

भुबहादुर गुरुङ, भुवन कुमार रोक्का, पशुपति शर्मा, सञ्जय लामा, दिनेश प्रजापति, युवराज भुजेल, टंक बहादुर कार्की, सुर्य प्रसाद शर्मा, कृष्णमान राजबाहक, रामे मगर, सञ्जीव बहादुर नेपाली, धन बहादुर थापा तथा एमेच्योर प्रज्वल गुरूङ सुरेश तामाङले कट बनाएका छन्। ३६ होलको समाप्तीमा १४-ओभर १ सय ५२ स्कोर दर्ज गरेका २१ प्रोफेसनल र ४ एमेच्योर खेलाडीले कट बनाएका छन्। ५४ होलको तीन दिने प्रतियोगिताको अन्तिम १८ होलको खेल भोलि हुनेछ।

एसिया क्षेत्रकै कठिन मध्येको एक मानिएको हिमालयन गल्फ कोर्समा भुवनले बोगी रहित कार्ड बनाउने क्रममा सात वटा बर्डी दर्ज गरे। पहिलो, चौथो र नवौं होलमा एक-एक सट बचाउँदा फ्रन्ट नाइन ३-अन्डर ३१ मा पुरा गरे। यही लयलाई निरन्तरता दिदै उनले ११औं, १४औ, १५औं र १८ औं होलमा बर्डीको सफलता प्राप्त गदै ब्याक नाइन ४-अन्डर ३१ मा सकाए।

यो लोभलाग्दो प्रदर्शनमा भुवन करियरको ११औं उपाधि नजिक पुगेका छन्। सन २०२२ को डिसेम्बरमा सुर्य नेपाल काठमाण्डु ओपनको उपाधि जितेपछि भुवन उपाधि विहिन रहेका छन्।

रबिले सुरूवात राम्रो गर्न सकेनन। छैटौं, सातौं र नवौं होलको बोगीले फ्रन्ट नाइन ३-ओभर ३७ मा सकाए। यसपछि ब्याक नाइनमा भने सम्हालिदै २-अन्डर ३३ मा पुरा गरे। उनले १३औं होलमा एक सट खेर फाले भने १०औं, १२औं र १४औं होलमा बर्डी प्रहार गरे।

एमेच्योर सदभावले फ्रन्ट नाइन १-ओभर ३५ मा सकाए। पहिलो देखि आठौं होलसम्म पार बचाएका उनले ४-पारको नवौं होलमा एक सट खेर फाले। ब्याक नाइन भने नाटकीय बन्यो। १०औं र ११औं होलमा लगातार डबल बोगी र १२औं होलमा बोगी खेप्दा सदभाव ६-ओभरको स्थितिमा पुगिसकेका थिए। तर यसपछि उनले १३औं, १४औं र १५औं होलमा लगातार तीन बर्डी प्रहार गरे।

निरजले छैटौं होलको बर्डीको मद्दतमा फ्रन्ट नाइन १-अन्डर ३३ मा सकाए। तर ब्याक नाइनमा निराशाजनक प्रदर्शन गरे। १०औं होलमा बर्डी प्रहार गरेपनि ११औ, १६औं र १७औं होलमा बोगी र ४-पारको १३औं होलमा ट्रीपल बोगी खेपे। ब्याक नाइन ५-ओभर ४० मा सकाउन बाध्य भए।

काठमाण्डु बाहिर हुने दुई प्रतियोगिता मध्ये एक, सूर्य नेपाल वेस्टर्न ओपनमा ३५ प्रोफेसनल र १५ एमेच्योर खेलाडीको सहभागीता रहेको छ।

# आयोगद्वारा मुद्दा दायर



टुडे समाचारदाता

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हुम्लाको चर्ंली गाउँपालिकाका तत्कालीन निमित्त प्रशासकीय अधिकृत, इन्जिनियर, वडाध्यक्षसहित सात जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

सो गाउँपालिकाको वडा नं ३ स्थित मिमी वडा कार्यालयको फिल्ड निर्माण योजनामा अनियमितता गरेको पाइएपछि आयोगले विहिबार मुद्दा दायर गरेको हो । आयोगले तत्कालीन निमित्त प्रशासकीय अधिकृत विष्णुबहादुर शाही, इन्जिनियर रुद्रबहादुर वली, असिस्टेन्ट सबइन्जिनियर हर्कधन बुढा, तत्कालीन उपभोक्ता समितिका अध्यक्ष गोर्ख बुढा, सचिव मानबहादुर ऐडी, कोषाध्यक्ष डिल्ली बुढाविरुद्ध रु ११ लाख ९४ हजार चार सय २६ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको हो ।यस्तै आयोगले वडा नं ३ का वडाध्यक्ष शालिग्राम ऐडीविरुद्ध पनि भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारबाहीको माग गर्दै मुद्दा दायर गरिएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

# मन्त्री बस्नेतद्वारा गोकर्णेश्वर नगर अस्पतालको शिलान्यास

टुडे समाचारदाता

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले गोकर्णेश्वर नगर अस्पतालको शिलान्यास गरेका छन् । गोकर्णेश्वर नगरपालिकाले निर्माण गर्न थालेको नगर अस्पताल १५ शय्याको हुने छ ।

अस्पताल शिलान्यास गर्दै उनले शिलान्यास भएको अस्पताल सममै सम्पन्न हुनुपर्ने बताए । उनले संविधानले हरेक जनताको स्वास्थ्योपचारको ग्यारेन्टी गरेकाले पैसा नभएका कारण कुनै पनि नागरिकले ज्यान गुमाउनुपर्ने अवस्था आउन नदिने प्रतिबद्धता जनाए ।

चिकित्सा शिक्षा ऐन चाँडै परिमार्जन हुने र धेरैले स्वदेशमै चिकित्सा शिक्षा पढ्न पाउने उनको भनाइ थियो । मन्त्री बस्नेतले राम्रा काम गर्ने स्थानीय सरकारलाई सरकारले पूर्ण सहयोग गर्ने आश्वासन दिए । कार्यक्रममा सांसद सन्तोष चालिसेले अस्पताल शिलान्यास भएकामा खुसी व्यक्त गर्दै समयमै निर्माण सम्पन्न हुनुर्पनेमा जोड दिए ।

**विमालेख हरायो**

मेरो निम्न ब्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को विमा लेख मिति २०८०/१०/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : राम दयाल महतो**
**विमालेख नं.:१७०००८०५८**
**ठेगाना: बल्वा गा.वि.स-२, महोत्तरी**
**मो.नं.९८०४८९६३७८**

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, मालपोत कार्यालयको छेउमा Parking बाट मिति २०८०/११/६ गते म.प्र. ०२-००७ प ३२७१ नम्बरको Ebony Black satin रंगको ईन्जिन नं. JCXCPC93817 चेचिस नम्बर MD2A36FX6PCC83691 को बजाज कम्पनीको Pulser 200 cc NS FIDC मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम: ओम प्रकाश यादव**
**ठेगाना: बल्हा कठाल-४, धनुषा**
**मो. नं. ९८०७६३७२१२**

# नारायणगढ-मुग्लिन सडक बन्द स्थगीत

टुडे समाचारदाता

चितवन । दैनिक चार घण्टा सवारी रोकेर पुल निर्माणका लागि भित्तो कार्टिदै आएको नारायणगढ-मुग्लिन सडकखण्ड फागुन १३ गतेदेखि बन्द नगरिने भएको छ । तेस्रो पटक थपेको म्याद यही फागुन १२ गते सकिँदैछ । पुल निर्माणका लागि भित्तो काट्नुपर्ने काम अन्तिम चरणमा पुगेकाले अबको कामका लागि सवारी रोक्नु नपर्ने भएको हो ।नागढुङ्गा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ-मुग्लिन) का प्रमुख केदार नेपालका अनुसार पुस ७ गतेदेखि क्रमशः २१ दिनका दरले तेस्रो पटक सडक बन्द गरेर काम गरिएको हो । कूल ६३ दिनमा माघेसङ्क्रान्तिमा दुई दिनमा अर्को एक दिन गरी तीन दिनबाहेक ६० दिन दिउँसो १२ बजेदेखि ४ बजेसम्म सडक बन्द गरेर काम गरिएको हो ।

त्यहाँको ढिस्को भत्काउने काम अब तीन मिटर मात्रै बाँकी छ ।

फागुन १२ गतेसम्म थप एक मिटर भत्काउन सकिने अनुमान छ । अबको काम निकै कडा भएकाले समय लाग्ने देखिएको छ । बाँकी दुई मिटर सडक नरोकेरै भत्काउन मिल्ने उहाँको भनाइ छ । पुलको जगको काम अघि बढाउन मिल्ने भएकाले समय अनुकूल मिलाएर बाँकी ढिस्को भत्काइने उनले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाले निर्माण कम्पनीले माग गरेको समय सकिएकाले अब सडक नरोकेरै काम गर्न भनिएको बताए । ढिस्को होचोमात्रै बाँकी रहेकाले हेरेर काम गर्न मिल्ने उनको भनाइ छ ।त्यहाँको ढिस्को ६० मिटर हाराहारी अग्लो थियो । गत साल २५ मिटर तल झारिएको थियो । बाँकी ३५ मिटर यो वर्ष भत्काउन सुरु गरिएको हो ।

गत साल कडा चट्टान आएपछि विस्फोट गर्ने भन्दै काम रोकिएको थियो ।

विस्फोट गर्दा पुलसमेत भत्कनसक्ने भएकाले पुनःएक पटक भत्काउने प्रयास गरिएको हो । सो सडकका १९ वटा पुलमध्ये चार वटा पुल चार वर्षअघि निर्माण गरिएको थियो । बाँकी १५ पुल एकैसाथ ठेक्का लगाइएको थियो । विसं २०७६ चैत १० गतेदेखि पुलको निर्माण थालिएको हो । पुलको लागत रु एक अर्ब २८ करोड छ ।


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर मुख्य चौकमा निर्माण गरिएको बाबा जलेश्वरनाथको प्रतिमा। *तस्विर : रासस*

# युवालाई माथिल्लो तहसम्म अवसर दिनुपर्ने बैठकमा प्रस्ताव

**टुडे समाचारदाता**

ललितपुर । नेपाली कांग्रेसको महासमिति बैठकमा बोल्ने सदस्यहरूले युवालाई पार्टीको माथिल्लो तहसम्म अवसर दिनुपर्ने बताएका छन् । ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा फागुन ७ गतेदेखि जारी महासमिति बैठकमा विहिबार धारणा राख्ने वक्ताहरूले गुटगत प्रतिस्पर्धा र नातावादले पार्टीलाई कमजोर बनाएको र युवाको प्रतिनिधित्व कम भएको भन्दै युवालाई पार्टीका हरेक तहमा अवसर दिनुपर्ने बताएका हुन् ।



बैठकमा बोल्दै काठमाडौँका महासमिति सदस्य सुशील भट्टले पार्टीभित्र काम गर्ने असल कार्यकर्ताको भावनलाई कांग्रेसले सम्बोधन गर्न नसकेको बताए । "पार्टीले गुटगत प्रतिस्पर्धा भन्दा सही, यथार्थता र जनताको भाषालाई ध्यान दिनुपर्छ, कांग्रेस सत्तामा हुँदा जनताको समस्या समाधान हुनुपर्छ, हरेक तहमा युवाको प्रतिनिधित्व हुनुपर्छ", उनले भने ।

नुवाकोटका महासमिति सदस्य कल्पना नेपालीले पार्टीको सबै तहमा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनुपर्ने बताए । "अहिले वडा तहमा एउटा सदस्यको व्यवस्था गरिएको छ, सङ्घको पदाधिकारीमा एउटा सहमहामन्त्रीमात्रै व्यवस्था भएको छ, प्रदेश जिल्ला र क्षेत्रीय तहमा पनि एउटा पदाधिकारीको व्यवस्था अनिवार्य हुनुपर्छ", उनले भने ।

काठमाडौँका महासमिति सदस्य रीता सुनुवारले एउटै व्यक्तिलाई पटक-पटक आरक्षणको अवसर दिन नहुने बताए । "समानुपातिकमा सांसद बनाउँदा एउटै व्यक्तिलाई पटक-पटक अवसर दिइनु गलत हो, पार्टीले सांसद बनाउँदा योग्य र सक्षम व्यक्तिलाई रोज्नुपर्छ", उनले भने ।ललितपुरका महासमिति सदस्य ऋषिराम घिमिरेले आगामी निर्वाचनमा गठबन्धन आवश्यक नरहेको बताए । उनले कांग्रेसले अहिले अर्थतन्त्र सुधारका विषयमा ध्यान दिनुपर्ने उल्लेख गरे ।

काठमाडौँका महासमिति सदस्य श्रीराम लामिछानेले महासमिति बैठकमा प्रस्तुत प्रतिवेदन सहीरूपमा कार्यान्वयन हुन्छ कि हुँदैन भन्नेप्रति आफूलाई शङ्का लागेको बताए । "महँगीले जनताको भान्सादेखि स्वास्थ्योपचार, शिक्षा क्षेत्रमा समस्या सिर्जना गरेको छ, यसमा कांग्रेसले ध्यान दिनुपर्छ, जनताको भाषा बोल्ने हो भने गठबन्धनको आवश्यकता छैन", उनले भने ।

लमजुङका महासमिति सदस्य चन्द्रबहादुर कुँवरले महासमिति बैठकमा गठबन्धनबारे कुरा उठ्नु गलत भएको बताए । "पार्टीलाई चुस्त, दुरुस्त राख्नका लागि अभिलेख राख्नुपर्ने भए पनि पार्टीले राख्न सकेको छैन, तत्काल अभिलेख राख्नुपर्छ", उनले भने । उनले पार्टीको बारेमा युवापुस्तालाई बुझाउन जरुरी रहेको उल्लेख गरे ।

काठमाडौँका महासमिति सदस्य भद्रा भण्डारीले पार्टीका हरेक तहका निर्वाचन समयमै सम्पन्न गर्नुपर्ने बताए । उनले कांग्रेसले जनताका समस्यालाई राष्ट्रिय मुद्दाका रूपमा उठाउनुपर्नेमा जोड दिए । स्याङ्जाका महासमिति सदस्य युवराज पाण्डेले पार्टीले समस्याको पहिचानमात्र गर्ने होइन, समाधान गर्नेतिर ध्यान दिनुपर्ने बताए । उनले कांग्रेस पछाडि पर्नुको कारण गठबन्धन पनि एक भएको बताए ।

काठमाडौँका महासमिति सदस्य रीता दवाडीले गत निर्वाचनमा नयाँ मतदातालाई बन्धक बनाएर रुखभन्दा अन्य चिह्नमा मतदान गर्न बाध्य पारेको भन्ने गुनासोका कारण आगामी दिनमा अझ समस्या पर्न सक्ने भन्दै पार्टीलाई सचेत रहन आग्रह गरे । उनले जिल्ला र क्षेत्रीय सभापतिमा देशैभर महिलाको प्रतिनिधित्व नहुनु दुखद् भएको भन्दै कम्तीमा पनि ३३ प्रतिशत महिला सभापतिहरू हुनसक्ने वातावरण बनाउनुपर्ने बताए ।

गोरखाका महासमिति सदस्य शोभा अधिकारीले पार्टीले टिकट बाँड्ने संसदीय बोर्ड र पार्टीको पदाधिकारीमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न पार्टीले पहल लिनुपर्ने बताए ।

"अन्य पार्टीसँग सहकार्य गरी संविधान तथा नीति-नियम परिमार्जन गरेर भए पनि ३३ प्रतिशत निर्वाचन क्षेत्र महिला-महिलालाई मात्र प्रतिस्पर्धा गराउनुपर्ने, स्थानीय तह वडा, पालिका, नगरपालिका, महानगरपालिकाको प्रमुख पदमा मेयर र अध्यक्षमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता गराउनुपर्ने, केन्द्रीय समितिमा रहेकाहरू महाधिवेशन प्रतिनिधि हुन वडा तहबाट नै अनिवार्य आउनुपर्ने व्यवस्था गर्नुपर्छ", उनले भने ।

महासमिति बैठकको अन्तिम दिन विहिबार बिहानैदेखि समूहगत छलफल जारी रहेको थियो । प्राप्त सुझाव पार्टीका प्रदेश सभापतिहरूले पदाधिकारीसहितको उपस्थितिमा हुने महासमिति बैठकमा विहिबारै प्रस्तुत गरिएको छ ।

बैठकको दोस्रो दिन उपसभापति पूर्णबहादुर खड्काले नीति प्रस्ताव, महामन्त्री गगन थापाले साङ्गठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रस्ताव, प्रवक्ता डा प्रकाशशरण महतले वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन र लेखा समिति संयोजक श्यामकुमार घिमिरेले लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरेका थिए ।

बैठकको तेस्रो दिन बुधबार विभिन्न पाँच प्रतिवेदनमा समूहगतरूपमा छलफल भएको थियो । उक्त छलफल अहिलेसम्म पनि जारी रहेको छ । बन्दसत्रको सुरुमा नै सबै जिल्लाका जिल्ला सभापति, भ्रातृ तथा शुभेच्छुक संस्था, जनसम्पर्क समितिका प्रमुखले बैठकमा पेस भएका पाँचवटै प्रतिवेदनमा आफ्ना धारणा व्यक्त गरेका थिए । प्रजातन्त्र दिवसको अवसर पारेर फागुन ७ गतेदेखि सुरु बैठकमा देशभर र विदेशस्थित जनसम्पर्क समितिका गरी दुई हजार बढी महासमिति सदस्य सहभागी छन् । उक्त बैठक विहिबार नै समापन गर्ने तयारी गरिएको कांग्रेस प्रचारप्रसार उपसमितिले जनाएको छ ।

# कांग्रेसलाई पहिलो पार्टी बनाउन प्रदेश सभापतिको सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको जारी महासमिति बैठकमा प्रदेश सभापतिहरुले आगामी निर्वाचनमा नेपाली कांग्रेसलाई पहिलो पार्टी बनाउन सबै एकमत हुनुपर्ने बताएका छन् ।

ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी महासमिति बैठकमा छलफलका लागि विभाजन गरिएका चार समूहबाट आएको सुझाव पेस गर्दै उनीहरुले विगतमा गठबन्धन गर्दा कांग्रेसले नयाँ मतदातालाई आकर्षित गर्न नसकेको बताएका हुन् ।

छलफलबाट प्राप्त सुझाव प्रस्तुत गर्दै सुदूरपश्चिम प्रदेशका सभापति वीरबहादुर बलायरले विपक्षीबाट घेराबन्दीमा परेको बेलामा महासमिति सदस्यले पार्टी र देशको चिन्ता र चासोका विषयमा छलफल भएको जानकारी गराउनुभयो । उनले कांग्रेसको नेतृत्वमा युद्धरत माओवादीलाई शान्तिपूर्ण राजनीतिमा ल्याइएको उल्लेख गरे । "कांग्रेस देशको प्रमुख पार्टी भएकाले दस्तावेजका रुपमा 'एक नीति र एक लक्ष्य' बन्नु जरुरी छ", उनले भने ।

नेपाली कांग्रेस कोशीका सभापति उद्धव थापाले पार्टीलाई बलियो बनाउने र आगामी निर्वाचनमा पहिलो बन्ने गरी जानुपर्ने विषय उठेको जानकारी गराउनुभयो । पार्टीले युवा आकर्षण बढाउन नसकेको र गठबन्धनको विषयमा अहिले नै निर्णय गर्ने समय नभएको विषय पनि छलफलका क्रममा उठेको उनले जानकारी दिए ।

कर्णाली प्रदेश सभापति ललितजंग शाहीले नीति प्रस्ताव सान्दर्भिक भएकाले इमानदार भएर कार्यान्वयन हुनुपर्नेमा जोड दिए । "छलफलमा उठेका नीति प्रस्ताव अत्यन्तै समयसान्दर्भिक छन् । यसलाई इमान्दारितापूर्वक कार्यान्वयनमा जानुपर्ने विषय आएको छ", उनले भने । गठबन्धन गर्ने कि नगर्ने भन्ने विषयमा निर्णय लिन हतार गर्न नहुने शाहीको भनाइ थियो । "गठबन्धन भित्र अघि वा पछि भन्ने कुरा रणनीतिक विषय हो भन्ने धारणा आएको छ । यो तत्कालीन समयले माग गर्ने विषय भएकाले अहिले नै गर्ने वा नगर्ने विषयमा निर्णय गर्न सकिदैँन", उनले भने ।

> गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले केन्द्रदेखि स्थानीय तहसम्म पार्टी संरचनालाई बलियो बनाउनुपर्ने, टिकट वितरणलाई पारदर्शी बनाउनुपर्ने र आगामी निर्वाचनमा कांग्रेसले एकल बहुमत ल्याउनुपर्ने गरी काम गर्नुपर्नेलगायत विषय उठेका जानकारी दिए ।

वर्तमान गठबन्धन सर्वसम्मत रुपमा गरिएकाले यसको निरन्तरताका लागि सबै इमान्दारीताका साथ लाग्नुपर्ने सभापति शाहीले बताए । केन्द्रीय सदस्य स्वतः महासमिति सदस्य हुने प्रस्ताव खारेज हुनुपर्ने उनको भनाइ थियो ।मधेश प्रदेशका सभापति कृष्ण यादवले महासमिति सदस्यले निर्वाचनका समयमा बढ्दो अन्तर्घात घटाउन सके पार्टी बलियो हुँदै जाने भन्दै टिकट वितरणलाई पारदर्शी बनाउनुपर्ने सुझाव प्राप्त भएको जानकारी गराउनुभयो । "टिकट नपाएका साथीहरुले नै अर्को साथीलाई हराउन लागेकाले अन्तर्घात बढेको छ", उनले भने ।

कांग्रेसमा युवा पुस्ताको आकर्षण घट्दै गएको विषयमा मधेश प्रदेशका महासमिति सदस्यले छलफलमा उठाएको यादवले जानकारी दिए । "महाधिवेशनको फरक दुई/दुई वर्षको गराउनुपर्दछ । यसले सकारात्मक परिणाम प्राप्त गर्न सकिन्छ भन्ने आवाज उठेको छ", उनले भने । सभापति यादवले मधेशमा कांग्रेस ठूलो पार्टी भए पनि सरकारको नेतृत्व लिन नसकेको गुनासो पनि आएको बताए ।

बागमती प्रदेशका सभापति इन्द्र बानियाँले किसानलाई आधुनिक कृषितर्फ प्रोत्साहन गर्नुपर्ने, जनताका दैनिक समस्यालाई समाधानको पहल गर्नुपर्ने, सरकार र पार्टीबीच समन्वय गराउनुपर्ने, शिक्षा र स्वास्थ्यलाई निःशुल्क गर्नुपर्नेलगायत मागहरु उठेका जानकारी गराए ।

गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले केन्द्रदेखि स्थानीय तहसम्म पार्टी संरचनालाई बलियो बनाउनुपर्ने, टिकट वितरणलाई पारदर्शी बनाउनुपर्ने र आगामी निर्वाचनमा कांग्रेसले एकल बहुमत ल्याउनुपर्ने गरी काम गर्नुपर्नेलगायत विषय उठेका जानकारी दिए।लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले तीन तहका सरकारले संविधानले दिएकोअधिकारकालागिनेतृत्वदायी भूमिका खेल्नुपर्नेबारे छलफल भएको बताए । "गैरआवासीय नेपालीहरुका लागि आगामी निर्वाचनमा मतदानको व्यवस्था गराउनुपर्ने कुरा उठेको छ । यसलाई व्यवस्थित गर्न कांग्रेसले पहल गर्नुपर्ने सुझाव प्राप्त भएको छ", उनले भने ।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको राजस्व सङ्कलन ११ अर्बभन्दा बढी

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हवाई उडानका दृष्टिकोणले अति व्यस्त विमानस्थल हो । आन्तरिक र अन्तर ाष्ट्रिय उडान चाप बढ्दो छ भने विमानस्थल भएर हवाईयात्रा गर्ने यात्रुको संख्या पनि बर्सेनि बढिरहेको छ ।

विमानस्थलमा उडान र यात्रुसँगै आम्दानी पनि बढ्दो छ । विमानस्थलका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा रु ११ अर्ब ३८ करोड राजस्व सङ्कलन भएको छ । चालु आवमा रु १३ अर्ब राजस्व उठाउने लक्ष्य लिइएको विमानस्थलले आजसम्म रु छ अर्ब ७६ करोड राजस्व उठेको उल्लेख गरेको छ ।



विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीले विमानस्थल पूर्णक्षमतामा सञ्चालनमा आएको, अन्तर्राष्ट्रिय हवाई यात्रु बढेको तथा विमानस्थल सुधारका समग्र प्रयासबाट राजस्व क्रमशः बढिरहेको उल्लेख गरे । विमानस्थलले यात्रुसेवा शुल्कबापत, कोठा र सटर बाहल तथा जहाजको अवतरण, बिसानलगायत शीर्षकबाट राजस्व उठाउँदै आएको छ । विमानस्थलले आव २०७७/७८ मा रु दुई अर्ब ४६ करोड राजस्व उठाएको थियो । कोभिड-१९ का कारण उक्त वर्ष राजस्व घटेको विमानस्थलले उल्लेख गरेको छ । कोभिडपछि विमानस्थल पूर्ण क्षमतामा सञ्चालित छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई यात्रुको संख्या पनि बढ्दो क्रममा छ । विमानस्थलका अनुसार सन् २०२३ मा आन्तरिक तथा अन्तर्राष्ट्रिय दुवैगरी कुल ८६ लाख ९१ हजार चार सय ४३ यात्रुले हवाईयात्रा गरेका छन् । सन् २०२२ मा यो संख्या ७९ लाख ५४ हजार चार सय ९५ थियो । जुन अघिल्लो वर्षको तुलनामा नौ दशमलव दुई प्रतिशतले बढी हो । एक वर्षमा अन्तर्राष्ट्रियतर्फ ४५ लाख ४१ हजार एक सय ३७ ले हवाईयात्रा गरेका छन् । जुन अघिल्लो वर्षको तुलनामा ३० दशमलव १८ प्रतिशतले बढी हो । आन्तरिकतर्फ हवाईयात्रा गर्नेको संख्या ४१ लाख ५० हजार तीन सय २६ पुगेको छ ।

कोभिडअघि सन् २०१८ मा ७१ लाख ९० हजार नौ सय १२ र सन् २०१९ मा ७३ लाख २७ हजार ३१ यात्रुले हवाईयात्रा गरेका थिए । यो संख्या कोभिड-१९ अघि सन् २०१८ को भन्दा चार दशमलव पाँच प्रतिशतले बढी रहेको विमानस्थलले जनाएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हाल आन्तरिकतर्फ नौ एयरलाइन्स कम्पनी र १२ हेलिकोप्टर कम्पनी सञ्चालनमा छन् भने अन्तर्राष्ट्रियमा तीन नेपालीसहित ३० वायुसेवा कम्पनीले १६ देशका ३१ गन्तव्यमा सेवा दिइरहेका छन् । नेपालले हाल ४२ मुलुकसँग दुई पक्षीय हवाई सेवा सम्झौता गरेको छ । पछिल्लोपटक गत माघ २३ गते नेपाल र स्वीट्जरल्याण्डबीच द्विपक्षीय हवाई सेवा सम्झौतामा हस्ताक्षर भएको थियो ।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिरहाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/११/११ गते शुक्रवार जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, व्याज) लगायत अन्य रकम भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई बैकसंग सर्म्पकमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय लहान सिराहामामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/१२/२३ गते शुक्रवार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस **बैंकको शाखा कार्यालय,** लहान, सिराहा**मा** दिनको ठीक १:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणको विवरण :**

| | |
|---|---|
| **ऋणी : लाल किशोर यादव**<br>(ना.प्र.नं. १५३०२४/१२ जारी मिति मिति २०७०/०२/२१, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला हनुमाननगर प्र.ध. गा.बि.स.वडा नं.५ ।<br>हालको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ०३ ।<br>बुवा : हरिलाल यादव । बाजे : राम किसुन यादव । | **जमानतकर्ता : हरिलाल यादव**<br>(ना.प्र.नं. ८९२३ मिति २०३७/०२/०७, जि.प्र.का सिरहा)<br>ठेगाना : सिरहा जिल्ला हनुमाननगर प्र.ध.गा.बि.स. वडा नं.०५ ।<br>हालको ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं.०३ ।<br>बुवा : राम किसुन यादव ।<br>बाजे : उचित यादव । |
| **जमानतकर्ता : सैल कुमारी यादव**<br>(ना प्र नं. १५३०२४/२७६ मिति २०६३/११/०३, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला हनुमाननगर प्र.ध.गा.बि.स. वडा नं.०५ ।<br>हालको ठेगाना :सिरहा जिल्ला धनगढी माई नगरपालिका वडा नं.०३ ।<br>बुवा : कोदै राउत यादव । पति : हरिलाल यादव/ससुरा : राम किसुन यादव । | **जमानतकर्ता : जितजंङ्ग यादव**<br>(ना.प्र.नं. १५-०१-७८-०५६८०, मिति २०७८/०६/०३, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना सिरहा जिल्ला धनगढीमाई न.पा.वडा नं.०३ ।<br>बुवा : हरिलाल यादव ।<br>बाजे : राम किसुन यादव । |

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. हरिलाल यादवको नाममा मालपोत कार्यालय लाहान सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला हनुमाननगर गा.बि.स. वडा नं. ५ नक्सा सिट नं. ५ख स्थित कि.नं. ३२० को क्षेत्रफल ०-२-८-० (बिघा) को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत........................................................१

२. श्रीमति सैल कुमारी यादवको नाममा मालपोत कार्यालय लाहान सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला भवानीपुर कालावंजर गा.बि.स. वडा नं.०२ नक्सा सिट नं. २ स्थित कि.नं. ६९८ को क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..................................................१


**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय लहान सिराहा**बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको शाखा कार्यालय **लाहान सिरहामा** सम्पर्क गर्न हुन तथा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय लहान सिराहामा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### कार्यगत एकता सकारात्मक

नेपालको तराई केन्द्रित दलहरुबीच एकीकरणलाई निर्वाह गर्न कठिन भएकाले कार्यगत एकतालाई सकारात्मक प्रयास मान्नु पर्छ । तराईमा थुप्रै समस्याहरु छन् । त्यस मध्ये राजनीतिकर्मीहरुमा सत्तालोलुप्ता र विचलन पनि एउटा समस्या हो । त्यसले पनि तराई/मधेशको विकासमा अबरोध भइरहेको छ । राजनीतिमा सबैको उच्च चाहना स्वभाविक हो । तर त्यसका लागि सिद्धान्त, आदर्श, उद्देश्य सबैलाई तिलाञ्जली दिनु दूर्भाग्यपूर्ण नै हो । तराई/मधेशको समग्र हितका लागि तराई मधेश केन्द्रित दलहरुबीच एकीकरण सहज नभएको अवस्थामा कार्यगत एकता गरी अगाडि बढने सोँचको विकासलाई सकारात्मक मान्नु पर्छ । वृषेश चन्द्र लालको अध्यक्षतामा रहेको तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा) र ह्रदयेश त्रिपाठीको अध्यक्षतामा रहेको जनता प्रगतिशिल पार्टी(जप्रपा)बीच कार्यगत एकता गर्ने सहमति भएको छ। दुबै दलका अध्यक्षहरुले गरेका पाँच बुँदे कार्यगत एकतालाई आजको आवश्यकता नै मान्नु पर्छ । तमलोपा र जप्रपाले लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा), नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीलाई पनि कार्यगत एकता गर्न आह्वान गरेका छन् । यो प्रयास झन् राम्रो छ । तराई मधेश केन्द्रित रहे पनि राष्ट्रिय दलको मान्यता प्राप्त जनता समाजवादी पार्टी(जसपा)सित पनि कार्यगत एकता गरेको भए झन राम्रो हुने थियो । जसपा पनि अछुत पार्टी होइन् । तराई/मधेशको बृहत्तहितका लागि सबै नेताहरु आ-आफ्नो स्थानबाट लाग्नु पर्छ। देशका ठूला दलहरुले तराई/मधेशमा फेरि सांगठनिक रुपमा बलियो हुन थालेको छ। त्यसको प्रमुख कारण मधेशका नेताहरुको कृयाकलापबाट बढेको वितृष्णा नै हो । सबैलाई छाडेर होइन्, सबैलाई जोडेर अगाडि बढन सके तराई/मधेशको कायापलट हुन सक्छ। तराई/मधेशमा जसपा नेतृत्वको मधेश प्रदेशको सरकारलाई ढालेर माओवादी केन्द्रको नेतृत्वमा सरकार बनाउने खेलमा जुटेका नेताहरुले एकपटक विचार गर्नु आवश्यक छ। वास्तवमा मधेश प्रदेशको नेतृत्व कुनै मधेश केन्द्रित दलले नै गर्नुपर्छ । जसपासितको आक्रोशमा एमाले, कांग्रेस, माओवादीको नेतृत्वमा सरकार बनाउन जायज होइन् । मधेशका दलहरुबीच कार्यगत एकता भए यस्ता विकृतीहरु पनि हटने छन् । विगतमा भएको पार्टी एकीकरणको प्रयास सफल भए पनि बनेको पार्टी सफल हुन सकेन् । त्यसकारण कार्यगत एकतामा नै जोड दिनुपर्छ। कार्यगत एकता गरी एकपटकको चुनावमा उपलब्धि हासिल गरिसकेपछि पार्टी एकीकरणको प्रयास पनि उपयुक्त हुन सक्छ । लोसपाबाट राजेन्द्र महतो बाहिरिएपछि महन्थ ठाकुरसित सहकार्य गर्न त्रिपाठी र लाललाई पनि सहज हुने देखिएको छ । त्यो उपयुक्त होइन् । हरेक नेताले आफ्नो क्षमता र हैसियत अनुसारको पद पाउनु पर्छ।

# कांग्रेसको नीति र अपाङ्गताको सवाल

प्रकास पन्थ

समावेशी लोकतन्त्र भनेकै सीमान्तकृत समूहलगायत समाजका सबै वर्गहरूलाई समान अवसर र प्रतिनिधित्व सुनिश्चित गर्नु हो । यसले सबै नागरिकको निर्णय प्रक्रियामा सक्रिय सहभागितालाई जोड दिन्छ । तसर्थ नीतिहरूको पनि राज, राजनीतिले नागरिकले आफ्नो विचार व्यक्त गर्ने, संवादमा संलग्न हुने र समावेशी नीतिहरूको निर्माणमा योगदान गर्ने क्षेत्रको रूपमा काम गर्नुपर्दछ । राजनीतिक दलहरू यसका संवाहक हुन् । तसर्थ नेपाली काङ्ग्रेसजस्ता राजनीतिक दलले भेदभावका मुद्दाहरूलाई सम्बोधन गरेर र कम प्रतिनिधित्व भएका समुदायहरूको अधिकारको वकालत गरेर सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्दछ ।

नीति निर्माणमा राजनीतिले मुख्य भूमिका खेल्न सक्छ । राजनीतिक प्रक्रियामार्फत, सरकारले समग्र विकास एजेन्डालाई प्रभाव पार्ने आर्थिक, सामाजिक र वातावरणीय नीतिहरू बनाउँछ । समावेशी लोकतन्त्रको अभ्यासमा नीति तर्जुमाका विविध परिप्रेक्ष्यहरूलाई विचार गरी समग्र र समतामूलक विकास रणनीतिहरूमा थप योगदान पर्याउने सुनिश्चितता हुनुपर्दछ ।

राजनीतिक निर्णयहरूले शिक्षा, स्वास्थ्यसेवा, पूर्वाधार विकास र समतामूलक समाज निर्माणका लागि स्रोतहरूको विनियोजन निर्धारण गर्दछ । समावेशी लोकतन्त्रमा राजनीतिक प्रणालीले सम्पूर्ण जनसंख्यालाई फाइदा पुग्ने गरी स्रोतसाधनको वितरण गर्ने, असमानताहरूलाई सम्बोधन गर्ने र दिगो विकासलाई बढावा दिने प्रयास गर्नुपर्दछ ।

सामाजिक न्यायको वकालत गर्ने र प्रणालीगत असमानताहरूलाई सम्बोधन गर्ने औजार राजनीति हो । समावेशी लोकतान्त्रिक अभ्यासहरूले असमानता घटाउने र सबैका लागि समान अवसरहरू प्रवर्द्धन गर्ने नीतिहरूको निर्माण र कार्यान्वयन समावेश गर्दछ । राजनीतिक दलहरूले सामाजिक न्यायको एजेन्डालाई अगाडि बढाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

नेपालमा पटक-पटकको जनआन्दोलनपश्चात् व्यवस्था परिवर्तन भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, संविधान लेखन र संविधान जारी भएपछि तीनै तहको निर्वाचन सम्पन्न भई संविधान कार्यान्वयन गर्दै समृद्धिका लागि तीनै तहका सरकारहरूले नीति तथा कार्यक्रम र बजेट तय गर्ने सिलसिलामा दोस्रो पाँच वर्षे अवधिको अभ्यास भइरहेको छ । यस अवधिमा केही कानुनी प्रबन्धसमेत भए तापनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा संविधानप्रदत्त अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूको जीवनमा चरितार्थ हुन सकेका छैनन् । संविधानको पातामा भएका अधिकारहरू अपाङ्गता भएका व्यक्तिको हातामा ल्याउन विद्यमान व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुन जरुरी छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार प्रचलनमा ल्याउन अन्तरमन्त्रालय, तह र निकायबीच समन्वय र सहकार्यको आवश्यकता छ । तसर्थ ऐतिहासिक गर्व भएको र ठूलो पार्टीको हैसियतले नेपाली काङ्ग्रेसले विकासको मूलप्रवाहमा पछि परिरहेका अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको सवालमा महत्वपूर्ण मार्गदर्शनसहितको नीति अंगीकार गर्नुपर्दछ ।

नेपाली काङ्ग्रेस ठूलो र ऐतिहासिक राजनीतिक दल भएको र अहिले यसले लिने नीतिहरूका बारेमा गम्भीर छलफल र बहसहरू भइरहेका छन् । नेपाली काङ्ग्रेसको जारी महासमिति बैठकले अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा पार्टीको मूल नीति, साङ्गठनिक विकास र सशक्तीकरण तथा अपाङ्गता भएका व्यक्तिका जल्दाबल्दा र समसामयिक सवालहरूलाई सम्बोधन गरेरै अघि बढ्नुपर्नेछ ।

पार्टीको मूल नीतिलाई अर्को ढङ्गले हेर्ने हो भने यो राज्यकै नीति हो । किनभने भोलि पार्टी राज्य सञ्चालनको नेतृत्वमा पुग्दा अपनाउने नीति त्यही नै हुन्छ । नेपालको भूराजनैतिक अवस्थालाई मध्यनजर गर्ने हो भने पार्टीको नीति जनताको विविधता र विविधतासँग जोडिएका हरेक सवालहरूको पक्षमा हुनुपर्छ र त्यसमा पनि सीमान्तकृत र समाजमा सबैभन्दा पछाडि पारिएको समुदायको पक्षमा हुनुपर्छ । यसमा अपाङ्गता भएका व्यक्तिहरू पनि पर्छन् ।

अपाङ्गता भएका व्यक्तिहरूको पक्षमा नीति बनाउँदा सबैभन्दा पहिले उनीहरूलाई दयाका पात्रको रूपमा नभएर अधिकारका धारकको रूपमा र अन्य व्यक्तिसरह समान नागरिकको रूपमा स्वीकार गर्नुपर्छ । उनीहरूमाथि हुने विभेद र अवरोधहरू हटाएको खण्डमा उनीहरू अन्य सरह सशक्त हुन्छन्, उत्पादनशील हुन्छन्, सार्वजनिक जीवनमा सक्रिय हुन सक्छन्, पार्टीलाई योगदान गर्न सक्छन् र राज्यलाई कर तिर्न सक्छन् भन्ने मान्यताबाट अभिप्रेरित भएर नीतिलाई आकार दिनुपर्छ ।

धेरै अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर छन् र तिनको पहिचान गरी विद्यालय प्रणालीभित्र ल्याउन सरकारमार्फत पहल गर्नुपर्ने छ । परिचयपत्र वितरण र यसको तथ्याङ्क व्यवस्थित हुन नसक्नुका साथै असाध्यै भद्रगोल भएको हुनाले यसमा एकरूपता ल्याउन र यसको तथ्याङ्कलाई सबै पालिकाबाट केन्द्रमा समेत अद्यावधिक हुने प्रणाली व्यवस्था गर्न सरकारमार्फत पहल गर्नुपर्ने छ

अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा प्रवर्द्धन गर्नुपर्छ र उनीहरूका लागि अलग्गै विद्यालय वा केही विद्यालयमा उनीहरूलाई सीमित गरेर होइन कि हरेक विद्यालय, कलेज, विश्वविद्यालय, शैक्षिक संस्था वा तालिम केन्द्रहरूलाई अपाङ्गता समावेशी बनाएर शिक्षामा उनीहरूको सर्वव्यापी पहुँच बढाउने नीति लिनुपर्छ । हरेक विद्यालय, कलेज, विश्वविद्यालय र शैक्षिक संस्थाका भौतिक संरचना, सिकाइ विधि, शैक्षिक मानवस्रोत र सूचना तथा सञ्चारका माध्यमलाई अनिवार्य रूपमा अपाङ्गता समावेशी बनाउन न्यूनतम मापदण्ड तयार गर्ने र पार्टीको तर्फबाट यसलाई प्रवर्द्धन गर्ने नीति लिनुपर्छ ।

सार्वजनिक स्थल र सार्वजनिक यातायातलाई ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिका लागि मर्यादित र पहुँचयुक्त बनाउने सवालमा पार्टी स्पष्ट दृढ र हुनुपर्छ । यसमा कुनै प्रकारको सम्झौता नगर्ने नीति लिनुपर्छ र पहुँचयुक्त सार्वजनिक स्थल र यातायात सेवा सुनिश्चित गर्न हाल राज्यले अवलम्बन गरेको मापदण्डको प्रभावकारी कार्यान्वयनका लागि पार्टीले अभियान चलाउने नीति लिनुपर्छ ।

अपाङ्गता भएका व्यक्तिका लागि रोजगारीलाई प्रवर्द्धन गर्न पार्टीले कार्यस्थलहरूलाई पहुँचयुक्त बनाउने, रोजगारदाताहरूलाई अपाङ्गता भएका व्यक्तिका लागि रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने, व्यावसायिक तथा सीपमूलक तालिमहरूमा अपाङ्गता भएका व्यक्तिका लागि कोटा सुनिश्चित गर्ने, व्यावसायिक तालिम केन्द्रहरूलाई अनिवार्य रूपमा अपाङ्गता मैत्री बनाउने लगायतका नीति लिनुपर्छ ।

अति गम्भीर अपाङ्गता भएका, पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको जीवनलाई सहज र मर्यादित बनाउनका लागि सामाजिक सुरक्षा कार्यक्रमलाई थप सघन बनाउने नीति लिनुपर्छ र उनीहरूका लागि चाहिने हेरचाहकर्ता, सहयोगी, स्वास्थ्यसेवा, औषधी उपचारलगायतका सेवाहरूलाई समुदायमै उपलब्ध हुने गरी व्यवस्था गर्न पार्टी नीतिगत रूपमा स्पष्ट हुनुपर्छ ।सहायक सामग्री, सहायक उपकरण र सहयोगी सेवा अपाङ्गता भएका व्यक्तिको जीवनलाई सक्रिय र उत्पादनशील बनाउनका लागि र सार्वजनिक तथा निजी जीवनमा पूर्ण रूपमा सहभागी हुनका लागि अत्यावश्यक पूर्वसर्त हुन् । यी चिजहरू अपाङ्गता भएका व्यक्तिले अधिकारको रूपमा पाउनुपर्नेमा हालसम्म दयाको आधारमा पाइरहेका छन् र अति नै न्यून मात्रामा पाएका छन् ।

त्यसैले पार्टीले अपाङ्गता भएका व्यक्तिका लागि चाहिने सहायक सामग्री र उपकरणमा सहज र सर्वसुलभ पहुँच पुऱ्याउनका लागि लगानी गर्ने, सम्भव हुने सहायक सामग्री र उपकरण स्वदेशमै उत्पादन गर्ने र यस्ता सामग्री र सेवालाई स्थानीय सरकारमार्फत प्रवाह गराउने नीति लिनुपर्छ । अपाङ्गताको कारणले आवश्यक पर्ने विशेष प्रकारका स्वास्थ्य सम्बन्धी सेवा, नियमित गर्नुपर्ने थेरापी सेवाहरू, मनोपरामर्श सेवा र पुनर्स्थापना सम्बन्धी सेवाहरू समुदायमा नै उपलब्ध गराउन स्थानीय अस्पताल र स्वास्थ्य केन्द्रहरूलाई सबल र सक्षम बनाउने नीति पार्टीले लिनुपर्छ ।

अपाङ्गता भएका व्यक्तिको राजनैतिक अधिकारमा समान पहुँच पुर्याउन निर्वाचन स्थलहरू, निर्वाचन विधि, प्रणाली र निर्वाचन शिक्षालाई अपाङ्गता मैत्री र पहुँचयुक्त बनाउने नीति पार्टीले अँगाल्नुपर्छ । अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक निर्वाचन प्रणालीमा अनिवार्य प्रतिनिधित्व गराउने व्यवस्था पार्टीले गर्नुपर्छ भने खुल्लातर्फ पनि अपाङ्गता भएका व्यक्तिको उम्मेदवारीलाई प्रवर्द्धन गर्नुपर्छ ।

नेपाली काङ्ग्रेस सबैको पार्टी हो र यसले पार्टीको साङ्गठनिक संरचनाभित्र सबै विविधता बोकेका जनताको अर्थपूर्ण सहभागिता, आवाज र योगदानलाई महत्व दिन्छ भन्ने सुनिश्चित गर्नुपर्छ । यस सन्दर्भमा पार्टीले सहभागिता र प्रतिनिधित्वमा ध्यान दिनुपर्ने समुदाय अपाङ्गता भएका व्यक्तिको समुदाय पनि हो ।सबैभन्दा पहिले पार्टीका साङ्गठनिक गतिविधिहरू अपाङ्गता भएका व्यक्ति सेवाग्राही मात्र होइनन्, उनीहरूसँग पार्टीलाई अगाडि बढाउने बृहत् दृष्टिकोण पनि हुन सक्छ र पार्टीभित्र ती विचार र दृष्टिकोणलाई फल्ने, फूल्ने तथा सुवासित हुने पर्याप्त अवसर दिनुपर्छ भन्ने मान्यता राखेर अगाडि बढाउनुपर्छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकार प्राप्तिको अभियानलाई सार्थकता दिने जिम्मेवारी ऐतिहासिक, ठूलो एवं पुरानो पार्टीको हैसियतले नेपाली काङ्ग्रेसको काँधमा आएको छपार्टीभित्र अपाङ्गता भएका व्यक्तिको सहभागिता, आवाज, योगदान र प्रतिनिधित्वलाई प्रवर्द्धन गर्न जरूरी छ । पार्टीका प्रशिक्षण कार्यक्रम र गोष्ठीहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरिनुपर्छ र त्यस्ता गोष्ठी र प्रशिक्षणलाई भौतिक र सूचना तथा सञ्चारको दृष्टिकोणबाट पहुँचयुक्त बनाउनुपर्छ ।

पार्टीका विभिन्न प्रशिक्षण कार्यक्रमहरूमा सीमान्तकृत समुदायका सवालहरूको बारेमा पार्टी नेता र कार्यकर्ताहरूलाई प्रशिक्षण दिने व्यवस्था गर्नुपर्छ र यसमा अपाङ्गता अधिकार सम्बन्धी ज्ञान, अपाङ्गताको अवधारणा, अपाङ्गता सम्बन्धी बदलिँदा अग्रगामी सोचहरू, विश्वपरिवेशमा अन्य देशहरूले अपाङ्गताको सवालमा गरेका असल अभ्यासहरूको बारेमा विस्तृत ज्ञान दिने व्यवस्था गर्नुपर्छ ।सङ्गठनका विभिन्न संरचनाहरूमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वलाई अनिवार्य बनाउनुपर्छ र यसरी प्रतिनिधित्व गराउँदा विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूले प्रतिनिधित्व गर्न पाउने गरी अवसरहरू सिर्जना गर्नुपर्छ ।

पार्टी कार्यालयका भौतिक संरचनाहरूलाई अपाङ्गता भएका व्यक्तिलगायत, महिला, बालबालिका, गर्भवती महिला, ज्येष्ठ नागरिक सबैका लागि सहज र पहुँचयुक्त बनाउने गरी अनिवार्य लागु हुने मापदण्ड जारी गर्नुपर्छ ।यसैगरी पार्टीका गतिविधिको जानकारी, पार्टीभित्र उत्पादन हुने सूचना तथा ज्ञानलाई जनसमक्ष पुऱ्याउन बनाइने सामग्रीलाई सबैका लागि पहुँचयुक्त हुने गरी अडियो, ब्रेल, साङ्केतिक भाषा, भिडियोमा वा सबैका लागि पहुँचयुक्त डिजिटल माध्यम र फर्म्याटको प्रयोग गर्न मापदण्ड बनाई लागु गर्नुपर्छ । यसले पार्टीमा अपाङ्गता भएका व्यक्तिको आकर्षण मात्र बढाउँदैन समग्र जीवनस्तर उठाउन मद्दत गर्छ तथा राष्ट्रभित्र सामाजिक छवि र अन्तर्राष्ट्रिय छविलाई समेत धेरै माथि पुऱ्याउँछ ।

पार्टीको साङ्गठनिक गतिविधि र राजनैतिक गतिविधिलाई सामाजिक सवालसँग नजोडिन्जेलसम्म नेता र कार्यकर्तालाई जनताले के भोगिरहेका छन् भन्ने थाहा हुँदैन । त्यसैले सङ्गठनभित्र समाजमा आम मानिसले भोगिरहेका र सीमान्तकृत समुदायले भोगेका समस्या र अवरोधहरूको विषयमा बौद्धिक बहस गर्ने वातावरण तयार गर्नुपर्छ । यस्ता बहसहरूमा अपाङ्गताका सवालहरूले समान र महत्वका साथ स्थान पाउनुपर्छ । यसको उचित समाधानका लागि पार्टीका विभिन्न सार्वजनिक कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई सक्रिय सहभागी भई आफ्ना विचारहरू राख्ने अवसरहरू प्रदान गर्नुपर्छ ।

वर्तमान अवस्थामा अपाङ्गता भएका व्यक्तिका धेरै जल्दाबल्दा सवालहरू छन् । जसलाई तत्काल समाधान गर्न पार्टीले पार्टीभित्रबाट र सरकारमार्फत पहल गर्नुपर्ने देखिन्छ । अपाङ्गता भएका व्यक्तिका लागि कानुनअनुसार राज्यले उपलब्ध गराएका सेवा र सहुलियतहरू प्रभावकारी रूपमा कार्यान्वयन भएका छैनन् । जस्तै सहयोगी सेवा, सहायक सामग्रीको उपलब्धता, समुदाय स्तरमा पुनर्स्थापना सेवा, सार्वजनिक सवारीमा भाडा छुट र सार्वजनिक सरकारी सेवालाई अपाङ्गता मैत्री बनाउने विषयलाई विशेष चासो दिई कार्यान्वयन गराउन पहल गर्नुपर्ने छ ।

धेरै अपाङ्गता भएका बालबालिका विद्यालयबाहिर छन् र तिनको पहिचान गरी विद्यालय प्रणालीभित्र ल्याउन सरकारमार्फत पहल गर्नुपर्ने छ । परिचयपत्र वितरण र यसको तथ्याङ्क व्यवस्थित हुन नसक्नुका साथै असाध्यै भद्रगोल भएको हुनाले यसमा एकरूपता ल्याउन र यसको तथ्याङ्कलाई सबै पालिकाबाट केन्द्रमा समेत अद्यावधिक हुने प्रणाली व्यवस्था गर्न सरकारमार्फत पहल गर्नुपर्ने छ ।अपाङ्गताको सवालमा राष्ट्रिय स्तरमा योजना र कार्यक्रम निर्माण गर्न सरकारलाई निरन्तर सघाउने विज्ञहरूको समूह निर्माण गर्ने र परिचालन गर्ने विषयमा पहल गर्नुपर्ने छ । सरकारले प्रवर्द्धन गरेका हरेक स्वरोजगार वा रोजगारी सम्बन्धी कार्यक्रमहरूमा उचित संख्यामा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित हुने गरी कार्यक्रमहरूलाई पुनरावलोकन गर्नुपर्ने छ । विभिन्न विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाका लागि सञ्चालित स्रोतकक्षाको सुधार, विकास र मानवस्रोतको विकासका लागि तत्काल लगानी बढाउने उपाय खोज्नुपर्ने छ ।

दिगो विकास लक्ष्यसम्बन्धी सरकारका कार्यक्रमहरूको पुनरावलोकन गरी यसमा अपाङ्गता भएका व्यक्तिलक्षित कार्यक्रमहरू समावेश गराउन सरकारको तर्फबाट पहल गर्नु अनिवार्य छ । अपाङ्गता भएका व्यक्तिलाई निजी तथा सरकारी अस्पतालहरूमा गएर सेवा लिन निकै असहज परिस्थिति सिर्जना हुने गरेको र विविध अवरोधहरूको सामना गर्नुपरेको हुनाले सबै अस्पतालहरूले अपाङ्गता समावेशी हुनका लागि न्यूनतम पालना गर्नुपर्ने नियम र अपनाउनुपर्ने मापदण्ड निर्माण गरी तत्काल लागू गराउन पहल गर्नुपर्ने छ ।

नेपालको संविधानलगायत विकासका विभिन्न दस्ताबेजहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक, आर्थिक, राजनीतिक लगायत सबै क्षेत्रमा पछाडि पारिएको समुदायको रूपमा स्वीकार गरिसकेको छ। अर्कोतर्फ विभिन्न विकास लक्ष्यहरूको मूल मर्म नै विकासका हरेक क्षेत्रमा कसैलाई पनि पछाडि नछोड्ने हो ।

दिगो विकास लक्ष्यले अपाङ्गता भएका व्यक्तिहरूलाई मुख्य लाभग्राहीका रूपमा समेटेको छ । अपाङ्गता भएका व्यक्तिका लागि अवरोधमुक्त, समतामूलक, सम्मानजनक तथा मर्यादित जीवनयापनका लागि संविधान तथा कानुनप्रदत्त मौलिक हक तथा नेपाल पक्ष रहेका अपाङ्गता अधिकार सम्बन्धी महासन्धिले सुनिश्चित गरेका अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्नु नेपाल राज्यका सबै तहका सरकारी निकाय तथा सम्बन्धित सरोकारवालाको उच्च प्राथमिकता, दायित्व र जिम्मेवारी हो ।यसको बोध राजनीतिक दलहरूलाई हुन सकेन भने फेरि पनि अपाङ्गताको सवाल सधैँभरि पछि नै परिरहने छ। अपाङ्गता भएका व्यक्तिको अधिकार प्राप्तिको अभियानलाई सार्थकता दिने जिम्मेवारी ऐतिहासिक, ठूलो एवं पुरानो पार्टीको हैसियतले नेपाली काङ्ग्रेसको काँधमा आएको छ।

# जिब्रोको स्वाद र मोटोपनको समस्या



डा अरुणा उप्रेती

दुई वर्षअघि एक पत्रकार साथीलाई भेट्दा मैले भनेको थिएँ "तपाईं निकै मोटाउनुभएको छ, भुँडी पनि निकै बढेको छ, यसले त स्वास्थ्यलाई खतरा हुन्छ है ।" उनले त्यो बेला भनेका थिए, "तौल घटाउन कोशिस गर्दैछु ।" केही दिनअघि उनीसँग पुनः जम्काभेट भयो । उनको अगाडि आएको ठूलो भुँडी त स्याप्पै घटेछ, उनको उमेर नै पाँच/सात वर्ष कम भए जस्तो देखिन्थ्यो र भनें "तपाईंले त के चमत्कार गर्नुभयो यस्तो । निकै राम्रो स्वास्थ्य भएछ नि ! कतै गएर पेटको शल्यक्रिया गरेर आउनु भएको त होइन ?"

ठट्टा गरेर भनेको यो प्रश्नलाई, उनले गम्भीर भएर जवाफ दिए "होइन होइन, मैले मेरो भुँडी वरिपरिको १५ केजी त योग, हिँडाइ र खानामा कमी गरेर घटाएको हुँ । दुब्लोबाट मोटो हुन त सजिलो हुँदोरहेछ तर एकचोटी बोसो लागेपछि त घट्न पो गाह्रो हुने रहेछ । जब मैले अनुभव गरें कि मेरो लुगाहरु त कसिएर लगाउनै नहुने भए, अलिकता हिँड्दा स्वाँ स्वाँ हुन थाल्यो । अनि त तौल घटाउने निर्णय गरेर कसिएर लागेपछि सफल पनि भएँ ।"

त्यसैगरी नक्सालकी पारु श्रेष्ठ (३३ वर्षिय) ले पनि आफ्नो तौल ७५ केजीबाट ६० केजी (१० महिनाभित्र) झारेकी थिइन् । उनी विवाहअघि ५६ केजी थिइन् । अग्ली, पातली पारु सुन्दर देखिन्थिन् तर विवाहपछि उनको खाने क्रम बढ्न थाल्यो । एक बच्चा पाएपछि त झन् चाकु, घिउ, मासु, अण्डा आदिले गर्दा उनको जिउ त फैलिँदै गयो । उनका बुबा ३० वर्ष नपुदै मधुमेहले बित्नुभएको थियो । आमा र बहिनी दुवै मधुमेहको औषधि खाने गरेका छन् ।

पारुलाई भनेँ, "पारुजी तपाईं त होशियार हुनुपर्छ है । तपाईंको परिवारमा निकै समस्या छ । तपाई यसरी नै मोटाउनु भयो भने तपाईंलाई पनि ती समस्या आउन सक्छ । तपाईंको सानो छोरो छ । अन्तर्राष्ट्रिय संस्थामा काम गरिरहनु भएको छ । अगाडि त्यति ठूलो भविष्य छ, स्वास्थ नै नराम्रो भएपछि त जति काम गर्न सक्ने हो त्यति गर्न सकिन्न । त्यो बाहेक जति पैसा भए पनि तपाईंले त्यसको प्रयोग आनन्दपूर्वक गर्न पाउनु हुन्न ।"

"के गर्नु मलाई त कस्तो भोक लाग्छ, फेरी चकलेट देखेपछि त मन नै थाम्न सकिन्न । मेरो अफिसको दराजमा पनि थरिथरिका चकलेट छन् । यताउती गऱ्यो हात त त्यसैमा जान्छ" पारुले भनेकी थिइन् । पारुले उनको शरिरमा ध्यान दिनुपर्छ र खाना कम गर्नुपर्छ भनेर मैले धेरैचोटी भनेपछि एकदिन मलाई खुशी भएर भनिन् "मलाई तौल कम गराउने संस्थाले आउनु भनेको छ । उनीहरुले रु ४० हजारमा ग्यारेन्टीका साथ तौल कम गराउँछन् रे दुई हप्तामा । उनीहरुले खाने कुराको चार्ट पनि दिन्छन् रे । केही औषधि पनि दिन्छन् रे ।"

पारुको खुशीलाई काट्दै मैले भनें "पारुजी त्यसरी ग्यारेन्टीका साथ तौल कम गर्ने कसैले भन्छ भने, त्यो त सोह्रैआना ठग हो । त्यस्तो कुनै औषधि छैन, जसले जादुको छडीले झैं तपाईंको तौल कम गराओस् । त्यसरी औषधि प्रयोग गरेर तौल घट्ने भए त अमेरिकाका त्यतिका मानिसले घटाउँथे होलान् नि । त्यसरी एकैचोटी तौल घटाउने क्रियालाई त्याग्नोस् र खानेकुरा कम गर्नोस् । कोदो, फापर, गहुँको च्याँख्ला आदिको प्रयोग बढी गर्नुस् । चकलेट धेरै नखानोस् र मुख्य कुरा पानी खाने र व्यायाम गर्नुस् ।"

पारुजीलाई कोदो र फापर स्वादिष्ट तरिकाले बनाएर पनि खान सकिन्छ भनेर एकदिन त घरमै बोलाएर ख्वाउनु पऱ्यो । "कोदो र फापर त मीठो पो हुँदो रहेछ", रोटीसँग गोलभेंडा अचार डुबाएर खाँदै उनले भनेकी थिइन् । त्यसपछि उनले कोदो र फापरलाई आफ्नो दैनिक भोजनका अङ्ग बनाइन् । हरियो तरकारी र टुसा उमारेको तरकारी चाँही अफिसमा लैजान थालिन् । बिहान उठेर व्यायाम गर्न थालिन् । दुई महिनापछि त उनको तौल पाँच केजी कम भयो । उनको अनुहारको छालमा चमक आयो । त्यसपछि त्यति क्रम अगाडि बढाउँदै गएपछि अर्को छ महिनामा उनको तौल १० केजी कम भयो । सबैबाट धेरै प्रशंसा पाएपछि पारुले मलाई भनिन् "तपाईंले मेरो रु ४० हजार त बचाउनु भयो नै, मलाई जीवनभरको ज्ञान दिनु भयो ।"

मेरा कति डाक्टर साथीहरु त्यसमाथि पनि मोटोपन कम गर्नु पर्छ भनेर बिरामीलाई सिकाउने डाक्टर साथीहरु त कस्ता मोटामोटा छन् । रक्तचाप र मधुमेहको बिरामी छन् तर न उनीहरु खाना छोड्न सक्छन् न त योग गर्छन् । बरु समयसमयमा आफ्नो ठूलो भुँडी मसार्छन् र मीठो हाँसो हाँस्छन् । मेरो कुरा सुनेर पारु मरिमरि हाँसिन् र भनिन् "तपाईंका डाक्टर साथीहरुलाई सायद तपाईंको कुरा अझै पुगेको छैन ।"

प्रायः मानिसहरुलाई मोटोपनबाट छुटकारा पाउन निकै गाह्रो हुन्छ किनभने खाना खाएर, मज्जासँग सुतेर, तेल र मसला हालेको मासु खाएर, बियर पिएपछि तौल जति मज्जासँग बढ्छ । त्यति नै मज्जासँग घटाउन गाह्रो हुन्छ किनभने त्यस्तो खानेकुरा खाने मासिसलाई खान्न भन्न साह्रै गाह्रो हुन्छ । साथै व्यायाम, योग त झनै गाह्रो हुन्छ किनभने त्यसको लागि त कडा अनुशासन चाहिन्छ । बियर, मासु र तारेको आलुका स्वाद त जिब्रोमा यसरी बसेको हुन्छ कि त्यसको अगाडि पछि हुने दुःखाई पनि बिर्सिन्छ ।

मेरा एकजना मित्र छन् । उनलाई गाउटको छ । समयसमयमा उनलाई यस्तो दुःख्छ कि उनी घुँडामा हात राखेर खुट्टा खोच्याउँदै हिँड्छन् । एकचोटी त गाउटले यस्तो चिसो पानीमा डुबाएर बस्नु परेको थियो रे तर बियर देखेपछि त कसोकसो मन चञ्चल भइहाल्छ । कतिपय मानिस यस्तै खाना र बियरबाट हुने मोटोपनको कारण उच्च रक्तचापको भई 'पक्षघात' भएपछि पनि रक्सी, मासु, तेल हालेको खान छोड्दैनन् । विस्तारै आत्महत्या गरिरहेका हुन्छन् । पुरुषहरु मात्र होइन, महिलाहरु पनि जिब्रोलाई तह लगाउन नसक्दा मोटोपनको कारणले गर्दा हुने समस्याले ग्रस्त हुन्छन् ।

एक संस्थामा कार्यरत शर्मिला नाकी महिला मेरो घरमा आएकी थिइन् घुँडा दुख्ने समस्यामा केही योगासन सिक्न सकिन्छ कि भनेर । मैले उनलाई भनेकी थिएँ "शर्मिला योगासन र व्यायामले सँगै तिम्रो खानेकुरा पनि परिवर्तत गर्नुपर्छ ।" असी केजीकी शर्मिलाले "लौन के के खाने सिकाइदिनुस् न" भन्दा मैले घरमा कोदो र फापरको रोटी र सुप बनाएर प्लेटमा राखेर खान दिंदा उनले भनिन् "यस्तो कोदो र फापर त हाम्रो घरमा कुकुरले पो खान्छ" । शर्मिलाको कुराले हाँस त उठ्यो तर दुःख पनि लाग्यो ।

घुँडा दुखेर कसरी तौल कम गर्ने भनेर छलफल गर्न आएकी शर्मिलाको तौल दुई वर्षपछि पनि घटेको छैन । अहिले त उनलाई उच्च रक्तचाप भएको छ । घुँडाको दुखाइले गर्दा धेरै हिँड्न सक्दिनन् । उनलाई खानाको विषयमा चाँही भन्न छोडिसकेको छु । जबसम्म कसैलाई मनबाट नै तौल घटाउँछु भनेर लागेको छैन भने अरुले जति भने पनि लाग्दैन ।

मेरा एक जना आफन्तलाई झण्डै १५ वर्षअघि नै डाक्टरले तौल घटाउन भात र आलु कम गर्न सल्लाह दिँदा बरु मर्छु तर आलु त खान छोड्न सक्दिनँ भनेका थिए । उनको त्यो बानीले उनलाई उच्च रक्तचाप र मधुमेहको रोगी त बनायो नै, एकचोटी झण्डै पक्षघात नै भएको थियो । अहिले उनको स्वास्थ्य त ठिक छ तर उनको खानाबाट आलु चिनी, भात त गायब भएको छ । कोदो, फापर, चिनी नहालेको दूध र हरियो तरकारी उनको खाना बनेको छ । उनी अहिले बिहान एक घण्टा हिँड्छन् पनि । उनले सिके खाना कसरी खाने, हिँड्ने किन भनेर तर धेरै चर्को मूल्य तिरेर ।

हामीहरुमध्ये सायद धेरै जनाले त्यसरी नै सिक्नेछौं । मध्यम वर्गीय परिवारमा मात्र होइन, गाउँका मानिसहरुमा पनि विभिन्न किसिमका चाउचाउ चिप्स आदिले गर्दा मोटोपनको समस्या बढ्न थालेको छ । मोटोपनको समस्याले गर्दा हुने समस्याले जीवनको धेरै क्षेत्रमा प्रभाव पार्छ । अकालमै मृत्युको मुखमा पुऱ्याउँछ भन्ने जान्दाजान्दै पनि मानिसले किन जिब्रोको स्वाद रोक्न नसकेको होला ?(लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ)

# युवाहरू विदेश पलायन भएर मुलुक नबन्ने नेता डा भण्डारीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं प्रतिनिधिसभा सदस्य डा चन्द्रकान्त भण्डारीले गलत नीतिका कारण सीमित व्यक्तिका हातमा मुलुकको अर्थतन्त्र पुगेकाले देशको विकास हुन नसकेको बताएका छन् ।

प्रतिनिधिसभाको विहिबारको बैठकको विशेष समयमा उनले किसान, युवा, बुद्धिजीवी र विश्वविद्यालयलगायत सबै क्षेत्रका समस्या र समाधानका लागि छलफल गर्न ढिलो भइसकेको भन्दै युवाहरू विदेश पलायन भएर मुलुक नबन्ने विचार राखे ।

सांसद डा भण्डारीले मेलम्ची आयोजनालगायत सडक  र भवन कुनै पनि आयोजना गुणस्तरीयरूपमा हुन नसकेको, निजी व्यक्तिका नाममा भएका सरकारी जग्गा फिर्ता ल्याउन नसकिएको, हेटौँडा सिमेन्ट उद्योगको प्रभावकारी सञ्चालन हुन नसकेको र किसानले मल, बीउ र बजारका लागि सधैँ माग गर्नुपरेको तथा बाँदरले दुःख दिइरहेको सवालमा दिगो समाधान खोज्न आग्रह गरे ।

उनले मुलुकमा बिचौलियाको बिगबिगी रहेकाले किसान थप पीडामा रहेको बताउँदै उमेर पुगेका काठ पनि कटान गर्न नसक्ने नीति हुँदा मलेसियाबाट काठ आयात गर्नुपर्ने बाध्यता रहेको उल्लेख गरे ।

स्वदेशी उत्पादन नहुँदा सरकारी कर्मचारीकै लागि अर्बौको पोशाक आयात गर्नुपर्ने स्थिति, स्वदेशको कोदोको रक्सीले बजार नपाएर विदेशी मदिरा टोलटोलमा बिक्री गरिएको, युवा पलायन रोक्न, लगानीमैत्री तथा काम गर्ने वातावरण बनाउने गरी विशेष कार्यक्रम ल्याउन नसकिएको विषयमा चिन्तन गर्न ढिला भएको भनाइ राखे ।

सांसद भण्डारीले मुलुकको धार्मिक तथा पुरातात्विक संरचनाको बजारीकरण गर्नुपर्ने र पर्यटनलाई प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै यस्ता विषमया सबै दल एकढिक्का भएर लाग्न आग्रह गरे ।

# सबै बीचको समभाव गणतन्त्रको मूल लक्ष्य : राष्ट्रपति

**टुडे समाचारदाता**



अछाम । राष्ट्रपति रामचन्द्र पौडेलले हाम्रो देश पूर्वीय ज्ञान परम्पराको स्रोत भएकाले यो ज्ञान, परम्परा र सभ्यताभित्र अनेक संस्कृति, सभ्यताको एकता र ऐक्यबद्धता देख्न सकिने बताएका छन्।

अछाममा वैद्यनाथधाम कोटीहोम महायज्ञसहितको महाकुम्भ मेलाको विहिबार उद्घाटन गर्दै राष्ट्रपति पौडेलले सबै जात, जाति, धर्म, सम्प्रदाय, भाषाभाषीबीचको समभाव र एकता नै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल लक्ष्य भएको बताएका हुन् ।"सबै धर्म, संस्कृतिको संरक्षण गर्ने संविधानले निर्दिष्ट गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रले नागरिकको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक स्वतन्त्रतासहित निमुखालाई न्याय र विपन्नलाई आयको परिलक्ष्य राखेको छ। अधिकारका विभिन्न किसिम उल्लेख गरेर सबैले अधिकारको स्वतन्त्रता उपयोग गर्ने विषय सङ्घीय लोकतान्त्रिक गणतन्त्रले बोकेको दर्शनभित्रको अन्तर्य हो", राष्ट्रपति पौडेलले भने ।

उनले कोटीहोम प्रारम्भ भएको आजको यस पवित्र दिनमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रले बोकेको त्यही दर्शनलाई सार्थक रूप दिन सबैलाई प्रेरणा मिल्ने विश्वास व्यक्त गरे ।"स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सु-सम्बन्धमा आधारित समाजको निर्माण गर्ने तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक, सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्यलाई साकार रुप दिन आवश्यक छ भन्ने मलाई लाग्दछ", राष्ट्रपति पौडेलले भने ।

यस क्षेत्रको विकास, संरक्षण र संवर्द्धनका लागि विगतमा वैद्यनाथ क्षेत्र विकास संस्थाको गठन भई सरकार तथा जनसहभागिताबाट मन्दिर पुनःनिर्माणलगायत काम हुनु खुसीको कुरा भएको राष्ट्रपति पौडेलको भनाइ थियो । उनले यस क्षेत्रको समग्र विकासका लागि विस्तृत अध्ययन गरी गुरुयोजना तयार गरेर अल्प, मध्य र दीर्घकालीनरूपमा नै पूर्वाधार निर्माण गर्नुपर्ने आवश्यकता औँल्याए ।

तीनै तहका सरकारले बजेट, नीति तथा कार्यक्रमभित्र समावेश गरी यस्ता धार्मिक एवं ऐतिहासिक क्षेत्रलाई आकर्षक पर्यटकीय क्षेत्रका रूपमा विकास गरी देश विकासमा योगदान पुर्याउन सकिने राष्ट्रपति पौडेलको भनाइ थियो ।शिवरात्रि, मकर सङ्क्रान्ति, विषु, होरीपर्व, दसैँ, श्रावण स्नान, बोलबमलगायत वर्षभरि हुने पर्वपूजा यहाँ धुमधामका साथ मनाइने गरिनुले पनि यसप्रतिको आकर्षण सदैव जीवन्त रहिआएको उनले राष्ट्रपति पौडेलले बताए । "यसलाई थप आकर्षण केन्द्र बनाएर लाखौँ पर्यटक भित्र्याउने सम्भावनाप्रति सबैको ध्यानाकर्षण गराउँदछु । यसबाट वैदिक सनातन धर्म संस्कृतिको संरक्षण, लोकसंस्कृतिको प्रदर्शन, वैद्यनाथ वेदविद्याश्रमको स्तरोन्नति गरी आयुर्वेद मावि बनाउने र यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने कार्यमा योगदान पुग्नेछ भन्ने मैले विश्वास लिएको छु", उनले भने ।

छ/छ वर्षमा हुने लक्षहोमसहितको अर्धकुम्भ मेला, १२-१२ वर्षको महालक्षहोमसहितको कुम्भमेला र एक सय ४४ वर्षमा गरिने कोटिहोम महायज्ञसहितको महाकुम्भमेलाको परम्परालाई निरन्तरता दिने अभिप्रायसाथ यो कुम्भमेला आयोजना गरिएको जनाइएको छ ।

राष्ट्रपति पौडेलले यो पवित्रस्थल तीर्थाटनबाटै आकर्षक पर्यटन केन्द्र बनेको बताउँदै यसप्रकारको धार्मिक कार्यक्रम गरेकामा सुदूरपश्चिम क्षेत्रका सबै धन्य भएको बताए । उनले हिमालहरूको बीच ऋषिहरूको तपस्याभूमि र देवीहरूको मन्दिरले भरिएको पवित्र भूमिमा उभिन पाउँदा आफूलाई अत्यन्त खुसी लागेको पनि बताए ।पूर्वउपप्रधानमन्त्री डा भीमबहादुर रावलले पौराणिक गन्थमा बैद्यनाथ क्षेत्रको महत्वलाई सुन्दर ढङ्गले वर्णन गरिएको बताए । कोटीहोमले लिएका सबै उद्देश्य पुरा हुने उनले विश्वास व्यक्त गरे ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले अछामको बैद्यनाथधामलाई धार्मिक तथा पर्यटन प्रवर्द्धन गर्न प्रदेशले विशेष प्राथमिकतामा राखेको बताए । बैद्यनाथधामलाई धार्मिक पर्यटनको हब बनाएर आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने प्रदेश सरकारको लक्ष्य रहेको उनको भनाइ थियो ।

सांसद पुष्पबहादुर शाहले बैद्यनाथधामलाई पर्यटकको आर्कषणको केन्द्र बनाउन तीनै तहका सरकारले गुरुयोजना बनाएर काम गर्नुपर्ने बताए । सांसद तथा कोटिहोम मुल आयोजक समितिका संयोजक शेरबहादुर कुँवरले साँफेबगर नगरपालिका-१ मा अवस्थित बैद्यनाथ क्षेत्रबारे स्कन्द पुराणमा उल्लेख गरिएको बताए ।

# 'मधेसको बजेट र विकासका योजना कटौती हुन्न'



काठमाण्डु । मुलुक र जनताका सवालहरुको सम्बोधनका लागि सत्तापक्षको महत्वपूर्ण र नेतृत्वदायी भूमिका  हुन्छ तर संसदीय व्यवस्थामा प्रतिपक्षको भूमिका पनि उत्तिकै प्रभावशाली मानिन्छ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद लीलानाथ श्रेष्ठ मुलुकका लागि आवश्यक कानुन निर्माण र विकासका सन्दर्भमा सरकारलाई आफूहरुको पूर्ण साथ र सहयोग रहने बताउछन् ।

नेकपा (एमाले)को बुधबारको केन्द्रीय कमिटीको बैठक र संसदीय दलको बैठकले जनताका समसामयिक मुद्दामा संसद्मा अझ बढी रचनात्मक र प्रभावकारी भूमिका खेल्न निर्देशन भएको बताउँदै सो पार्टीका पोलिटब्यूरो सदस्यसमेत रहनुभएका सांसद श्रेष्ठले पार्टीले दिएको निर्देशनबमोजिम नै आफूहरु संसद्को चालु हिउँदे अधिवेशनमा प्रस्तुत हुने बताए ।

सांसद श्रेष्ठले ऋण लिएर कर्मचारीलाई तलब दिनुपर्ने, व्यापारीहरु कालोसूचीमा पर्ने, ३० प्रतिशत उद्योगधन्दा मात्रै सञ्चालनमा आएको, मुलुकमा बेरोजगारी बढेको र विदेशिने युवाको क्रम बढेको तथा मुलुकको अर्थतन्त्रका परिसूचकहरु सकारात्मक नभएको विश्लेषण गरे । सिराहा क्षेत्र नं ३ बाट पछिल्ला दुई निर्वाचनमा एमालेका तर्फबाट प्रतिनिधिसभा सदस्यमा लगातार विजयी सांसद श्रेष्ठ २०७० सालको संविधानसभाको निर्वाचनमा वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग झिनो मतान्तरले पराजित भएपछि राष्ट्रिय राजनीतिमा चर्चामा आएका थिए ।

> सांसद श्रेष्ठले आफ्नो पहलमा सिराहाको भारतीय सीमादेखि गोलबजार र गोलबजारबाट मदन भण्डारी राजमार्गसम्मको दुई खण्डको सडकका लागि बजेट छुट्याएको, सिराहामा चारवटा राष्ट्रिय मार्ग बनाएको, मिर्चैया-सोलु सडक निर्माणमा बजेट विनियोजन गराएको, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम जिल्लामा सञ्चालन गराएको, राजा सहलेसको मन्दिर, विभिन्न सिँचाइ आयोजना र लालपुरको रङ्गशाला निर्माण गराएको स्मरण गर्दै आगामी दिनमा पनि यस्ता विकासका कामलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

वर्तमान गठबन्धन सरकारले अर्थतन्त्रको सुधार र सुशासनका क्षेत्रमा उल्लेखनीय काम गर्न नसकेको आरोप लगाउँदै पूर्वमन्त्री श्रेष्ठले नक्कली भूटानी शरणार्थी मामिला, ललिता निवास जग्गा प्रकरण, सुन तस्करीका घटनामा भएका छानबिनमा पूर्ण सफलता हासिल गर्न नसकिएको जिकिर गरे । यद्यपि उनले सुशासन कायम गर्न सरकारले गरेका प्रयासको सराहना गरे ।

एमालेका नेता एवं धनुषा जिल्ला इन्चार्ज श्रेष्ठले तराईको 'लाइफ लाइन' का रुपमा परिचित हुलाकी राजमार्ग निर्माणका लागि यसअघि रु १३ अर्बसम्म बजेट विनियोजन भएकामा अहिले सरकारले बजेट घटाएको भन्दै असन्तुष्टि व्यक्त गरे । "हुलाकी मार्गभन्दा पछि सुरु भएका कतिपय सडक बनिसकेका छन् । हुलाकी राजमार्ग निर्माणमा ढिलाइ भएको छ ।"

काठमाडौँ-तराई द्रुतमार्ग, निजगढ अन्तर र्राष्ट्रिय विमानस्थल र सुनकोशी-कमलामाई डाइभर्सनजस्ता राष्ट्रिय गौरवका आयोजना निर्माणमा भएको विलम्बबाट तराई-मधेसमा विकासका काम पछाडि धकेलिएका सांसद श्रेष्ठको भनाइ छ । उनले आफूहरु सरकारमा हुँदा तराई-मधेस पूर्वाधार कार्यक्रमसहित समृद्ध मधेस सिँचाइ कार्यक्रमका लागि रु दुई अर्ब बजेट ल्याइएकामा अहिले एकपछि अर्को गर्दै मधेसका विकास कार्यक्रममा बजेट कटौती र योजना हटाउने काम भएको टिप्पणी गरे ।

सांसद श्रेष्ठले आफ्नो पहलमा सिराहाको भारतीय सीमादेखि गोलबजार र गोलबजारबाट मदन भण्डारी राजमार्गसम्मको दुई खण्डको सडकका लागि बजेट छुट्याएको, सिराहामा चारवटा राष्ट्रिय मार्ग बनाएको, मिर्चैया-सोलु सडक निर्माणमा बजेट विनियोजन गराएको, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम जिल्लामा सञ्चालन गराएको, राजा सहलेसको मन्दिर, विभिन्न सिँचाइ आयोजना र लालपुरको रङ्गशाला निर्माण गराएको स्मरण गर्दै आगामी दिनमा पनि यस्ता विकासका कामलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

तराई मधेसको विकासका लागि धेरै गर्न बाँकी रहेकाले त्यहाँका सबै सांसद मिलेर सुनकोशी-कमलामाई 'डाइभर्सन' शीघ्र सम्पन्न गर्न, चुरे संरक्षणका योजना ल्याउन, जानकी-रामायण परिपथ, कोशी वन्यजन्तु आरक्ष, गढीमाई पर्यटन परिपथ, चिनी कारखाना, कृषि औजार कारखाना र जनकपुर चुरोट कारखाना सञ्चालनका लागि १६औँ आवधिक योजनामा समावेश हुनुपर्ने माग सांसद श्रेष्ठको छ । यी विषयमा प्रधानमन्त्रीसमक्ष प्रतिनिधिमण्डल गएर कुरा राख्ने तयारी भएको उनले सुनाए ।

किसानले नगद पैसा तिरेर पनि रासायनिक मल समयमै नपाएका, उखु किसानले समयमा भुक्तानी नपाएका, सहकारी र मिटरब्याजपीडितले न्याय नपाएका, खडेरीबाट खेती बाँझो रहेको वा उत्पादन कम भएका, 'लम्पीस्किन' रोगबाट प्रभावित किसानले क्षतिपूर्ति नपाएका आदि कारणले जनतामा छाएको निराशाका विषय अब आफूहरुले सदन र सडकमा उठाउने उनले भनाइ छ । के आन्दोलन गरेर जनतामा छाएको निराशा शान्त हुन्छ त भन्ने प्रश्नमा उहाँ प्रतिप्रश्न गर्दै भन्नुहुन्छ, "हामीले प्रतिपक्षमा रहेर रचनात्मक काम गर्ने हो । रोजगारीमा दक्षिण कोरिया जान खोज्ने दुई युवकको मृत्यु भएको विषयमा संसद्मा चुप लागेर बस्न सकिन्छ र ?"समयमा महत्वपूर्ण कानुन नबन्दा तीन तहका सरकारको सु–सञ्चालनमा कठिनाइ आएको बताउँदै उनले निजामती सेवा ऐन, विद्यालय शिक्षा ऐन र प्रहरी समायोजन ऐन छिटो ल्याउनुपर्ने बताए। निजामती ऐन नआउँदा कतिपय स्थानीय तहमा निमित्तका भरमा प्रशासन चलेको र कतिपय प्रदेशमा उपसचिवले मन्त्रालय सञ्चालन गर्नुपरेको सुनाए ।

सांसद श्रेष्ठ राज्यका महत्वपूर्ण अङ्ग र संस्थाहरुबीचको समन्वय र सन्तुलन पनि बढ्नुपर्ने ठान्छन् । सरकारी सम्पत्ति हिनामिनामा मुछिएका कतिपय व्यक्तिको अनुसन्धान पूरा नहुँदै रिहा हुनुजस्ता घटनाले न्यायालयमाथि पनि प्रश्न सिर्जना भएको सांसद श्रेष्ठको भनाइ छ ।निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई कुन रुपमा सञ्चालन गर्नुपर्ला भन्ने जिज्ञासामा उनले आफूहरुलाई उक्त कोष चलाउनुपर्ने कुनै रहर नभएको बताए । हरेक सांसदको सिफारिसमा संसदीय क्षेत्रमा सन्तुलित र समानुपातिक विकास निर्माणका योजना पर्ने हो भने त्यस्ता कोषको आवश्यकता नपर्ने उनको बुझाइ छ ।


## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुर तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/११/११ गते शुक्रबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेन्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०२/३० गते मंगलबारको हिमालयन टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना र मिति २०८०/०६/०८ गते सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहको सम्पतिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्ने ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएको हुँदा कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवाब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने  तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क.ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणको विवरण :**

१. **ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग,घरेलु तथा साना उद्योग कार्यालय जनकपुरधाम, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७७/१०/१३ मा प्रा.फ.र.न. १६८८७/१६७७/२०७७/०७८ मा दर्ता कायम भई नोपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग,आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७७/०६/०५ मा करदताको नाम पिंकी साह कारोवारको नाम नैन्सी फार्मेसी भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६१३६९७९५८ को प्रमाणपत्र प्राप्त **नैन्सी फार्मेसी । रजिष्ट्रड ठेगाना :** धनुषा जिल्ला, जनकपुरधाम उपमहानगरपालिका, वडा नं. ४ जनकपुरधाम ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : पिंकी साह**<br>(ना.प्र.नं.३९६९५१२७ जारी मिति २०६२/१२/१८, जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं.०४<br>(हाल जनकपुर उपमहानगरपालिका वडा नं.०४ ) ।<br>बाबु : हरि प्रसाद साह । ससुरा/पति  : शंकर साह तेली /संजय साह । | **जमानतकर्ता : संजय साह**<br>(ना.प्र.नं.१९२०९७/५७ जारी मिति २०६४/०९/१९, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला बरहथवा न.पा.वडा नं.०८ ।<br>बाबु : शंकर साह तेली ।<br>बाजे : अनुपलाल साह तेली । |

२. **ऋणी:** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७५/०२/१८ मा प्रा.फ.र.नं. ११२८०/१०२०/२०७४/०७५ मा दर्ता  कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर धनुषाबाट मिति २०७४/०१/२९ मा करदताको नाम संजय साह कारोवारको नाम बौधि आयुर्वेद फर्मा भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०६१२०५०० को प्रमाणपत्र प्राप्त **बौधि आयुर्वेद फर्मा ।**रजिष्ट्रड ठेगाना : धनुषा जिल्ला, जनकपुर उपमहानगरपालिका, वडा नं. ४ जनकपुर ।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : संजय साह**<br>(ना.प्र.नं.१९२०९७/५७ जारी मिति २०६४/०९/१९, जारी गर्ने कार्यालय जि.प्र.का. सर्लाही) ।<br>ठेगाना : सर्लाही जिल्ला बरहथवा न.पा.वडा नं.०८ ।<br>बाबु : शंकर साह तेली ।<br>बाजे : अनुपलाल साह तेली । | **जमानतकर्ता : पिंकी साह**<br>(ना.प्र.नं.३९६९५१२७ जारी मिति २०६२/१२/१८, जारी गर्ने कार्यालय जि.प्र.का.धनुषा) ।<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं.०४<br>(हाल जनकपुर उपमहानगरपालिका वडा नं.०४ ) ।<br>बाबु : हरि प्रसाद साह । ससुरा/पति  : शंकर साह तेली /संजय साह । |

**लिलाम विक्री हुने धितोमा रहेको सम्पत्तिको विवरण :**

१. संजय साहको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला बेंगा शिवपुर गा.बि.स.वडा नं.३ नक्सा सिट नं ३ख स्थित कि.नं. १३०९ क्षेत्रफल ०-३-०-०(बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत ............................................१

२. संजय साहको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा.वडा नं.०४ नक्सा सिट १३९५-१४ स्थित कि.नं. ६ क्षेत्रफल ०-०-३-० (विघा) ऐ.ऐ. सिट नं. १३९५-०४ स्थित कि.नं. २१६ क्षेत्रफल ०-०-२-२ (विघा) ऐ.जिल्ला बेंगा डावर गा.वि.स. वडा नं.०९ नक्सा सिट नं. ९च स्थित कि.नं. ४७२ को क्षेत्रफल ०-१-०-० (बिघा) घर जग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत ............१

३. ऋणी नैन्सी फार्मेस ..१ र बौधि आयुर्वेद फर्मा...१ समेतको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ........................................१

| | |
|---|---|
| ३. **ऋणी : राम नारायण दास**<br>(ना.प्र.नं. १७१०९६/२४, जारी मितिः २०६४/०६/१४ प्रतिलिपी जारी मिति २०७६/०४/०२, जारी गर्ने कार्यालय : जि.प्र.का., धनुषा) ।<br>स्थायी ठेगाना : धनुषा जिल्ला ढल्केवर गा.वि.स.वडा नं. ०७<br>(मिथिला न.पा. वडा नं. ०६) ।<br>हालको ठेगाना : धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०१, ।<br>बाबु : भोला तोती । बाजे : रमेश्वर । | **जमानतकर्ता : बबिता कुमारी दास**<br>(ना.प्र.नं. १७१०९६/१०१४, जारी मिति २०७०/०१/२३, जारी गर्ने कार्यालय : जि.प्र.का., धनुषा)<br>स्थायी ठेगाना : धनुषा जिल्ला ढल्केवर गा.वि.स.वडा नं. ०७<br>(मिथिला न.पा. वडा नं. ०६) ।<br>हालको ठेगाना : धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०१, ।<br>बाबु : नेवा लाल दास । पति : राम नारायण दास/ससुरा : भोला तोती । |
| **जमानतकर्ता : सोमनि देवी तत्मा**<br>(ना.प्र.नं. २८०७, जारी मिति २०५४/१२/१८ जारी गर्ने कार्यालय जि.प्र.का., धनुषा) ।<br>स्थायी ठेगाना : धनुषा जिल्ला ढल्केवर गा.वि.स.वडा नं. ०७<br>(मिथिला न.पा. वडा नं. ०६) ।<br>हालको ठेगाना : धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०१ ।<br>बाबु : भुटाई दास तत्मा । पति : भोला तोती । | **जमानतकर्ता : भोला ताती**<br>(ना.प्र.नं.२१९/९-सिरहा, जारी मिति २०४१/१२/०७ प्रतिलिपी जारी २०७७/१२/०९ जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।<br>स्थायी ठेगाना : सिरहा जिल्ला माडर गा.वि.स.वडा नं. ०८,<br>(हाल सिरहा न.पा. वडा नं. १७) ।<br>हालको ठेगाना : धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०१, ।<br>बाबु : रमेश्वर । बाजे : मेही दास । |

**लिलाम विक्री हुने धितोमा रहेको सम्पत्तिको विवरण :**

**भोला तातीको** नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, ढल्केवर गा.वि.स. वार्ड नं.७, नक्सा सिट नं ७क स्थित कि.नं. ३६५ क्षेत्रफल ०-७-०-० (बिघा) घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पुर्ण लिगलगापत समेत सम्पुर्ण ..................................................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरबाटसमेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय मिल्स एरिया जेकेआर, जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१५०००**

# इजरेली प्रधानमन्त्रीले हमासलाई टाट पल्टाउन गुमाएको ‘त्यो मौका’

**वीवीसी**

काठमाण्डु । इजरेलका एक भूतपूर्व गुप्तचर अधिकारीले केही वर्षअघि हमासलाई टाट पल्टाउने अवसर आएको तर इजरेलका प्रधानमन्त्री बेन्जमिन नेतन्याहुले त्यसलाई खेर फालेको बताएका छन् ।

उडी लेभीले आफूले वर्षौंअघि नेतन्याहुलाई हमासको वित्तीय व्यवस्थामा प्रहार गर्न सुझाव दिएको बीबीसी प्यानरामालाई बताए। तर नेतन्याहुले उनको सुझाव ग्रहण गरेनन्। यदि उनको सल्लाह सुनिएको भए हमासको सैन्य शक्तिलाई ठूलो आघात पुग्न सक्ने उनको विश्वास छ । इजरेलको प्रधानमन्त्री कार्यालयले यस विषयमा केही प्रतिक्रिया दिएको छैन । गत वर्षको अक्टोबर ७ मा हमासले दक्षिणी इजरेलमा आक्रमण गरी १,२०० जनाको ज्यान लियो र २५० भन्दा बढी मानिसलाई बन्धक बनायो। ती बन्धकमध्ये १३० जनाको अवस्था अझै अज्ञात छ ।

हमासले अप्रत्याशित रूपमा आक्रमण गरेर ठूलो क्षति पुऱ्याएपछि इजरेलले गाजामा सैन्य कारबाही सुरु गऱ्यो। हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयका अनुसार अहिलेसम्म गाजामा २९,००० जनाभन्दा बढी मानिसको ज्यान गइसकेको छ । सन् २०१६ सम्म इजरेली गुप्तचर निकाय मोसादको आर्थिक युद्ध विभागमा प्रमुख रहेका लेभीले धेरै पटक “आर्थिक माध्यम मात्रको प्रयोग गरी“ गाजामा शासन गर्ने हमासको विनाश गर्न सकिने सुझाव आफूले नेतन्याहुलाई दिएको बताए। तर त्यसबारे नेतन्याहुका तर्फबाट कहिले कुनै प्रतिक्रिया नआएको उनको भनाइ छ ।

हमासलाई आर्थिक रूपमा अस्थिर बनाउन नेतन्याहुले देखाएको “अनिच्छा“ र अक्टोबर ७ मा भएको भीषण हमलाको बीचमा कुनै सम्बन्ध छ कि भन्ने प्रश्नमा लेभीले स्पष्ट उत्तर दिँदै भने, “अवश्य छ ।“ “हामीले गाजामा धेरै पैसा जानबाट रोक्न सक्थ्यौँ र सायद अक्टोबर ७ मा हामीलाई जुन दैत्यको सामना गर्नु पऱ्यो, त्यस्तो दैत्य जन्माउनबाट हमासलाई रोक्न सक्थ्यौँ।“गाजाको जमिनमुनि सयौँ किलोमिटर सुरुङ खन्न र झन्डै ३०,००० लडाकु भएको सैन्य बल बनाउन हमासले “करोडौँ होइन अर्बौं डलर“ खर्च गरेको उनको अनुमान छ ।

लेभीले हमासले टर्कीबाट व्यवस्थापन गर्दै आएको करोडौँ डलरको एउटा लगानी कोषतर्फ सन् २०१४ मा नेतन्याहुको ध्यानाकर्षण गराइएको पनि बताए। तर उनको भनाइमा नेतन्याहुले कुनै कदम चालेनन् । हमासले इजरेलको अस्तित्व अस्वीकार गर्छ र त्यसको “विनाश“ गर्ने लक्ष्य राख्छ। हमास केवल सैनिक सङ्गठन नभई गाजाभन्दा बाहिरबाट पनि आर्थिक सहयोग जुटाउने सामर्थ्य राख्ने राजनीतिक आन्दोलन पनि हो ।

“हामीले कतार र इरान हमासका मुख्य प्रायोजक रहेकोबारे कुरा गऱ्यौँ,“ लेभीले नेतन्याहुसँग भएको कुराकानी सम्झिँदै भने। “तर केही पक्षमा टर्की यी दुवै राष्ट्रभन्दा महत्त्वपूर्ण छ किनभने यो हमासको आर्थिक पूर्वाधारको केन्द्र हो ।“बीबीसी



प्यानरामाले अक्टोबर ७ भन्दा केही समयअघि प्राप्त गरेको हमासको लगानी र आयस्रोतको माध्यम देखाउने कागजपत्र अध्ययन गरिरहेको छ । ती दस्तावेजले सन् २०१८ को सुरुसम्मको आठ महिनाको अवधिमा हमाससँग सम्बन्ध रहेका लगानी कारोबार देखाएको छ। इजरेली गुप्तचरले यसबाट हमासको आयस्रोत देखिने विश्वास गरेका छन् ।

साउदी अरब, एल्जिरिआ, सुडान, इजिप्ट र टर्कीजस्ता मध्यपूर्वका तथा उत्तर अफ्रिकी मुलुकमा रहेका ४० वटा कम्पनीहरू हमासको लगानी सञ्जालमा रहेको मानिन्छ। तीमार्फत हमासले सडक निर्माण, औषधि उत्पादन, चिकित्सा सामग्री, पर्यटन, खानी, घरजग्गा व्यापार तथा अन्य थुप्रै क्षेत्रमा लगानी गरिरहेको शङ्का गरिन्छ । सन् २०२२ यता अमेरिकाको ट्रेजरीले कागजमा नाम उल्लेख भएका छवटा कम्पनीहरूलाई हमासको प्रत्यक्ष वा अप्रत्यक्ष स्वामित्व वा नियन्त्रणमा रहेको भनी घोषणा गरिसकेको छ । अमेरिकी सरकारले तिनको कारोबारमाथि केही प्रतिबन्धहरू पनि लगाएको छ ।

यी दस्तावेजबाट हमासको स्वामित्वमा कुल ४२,२५,७३,८९० अमेरिकी डलरको सम्पत्ति रहेको देखिन्छ। यो सम्पत्तिको ठूलो अंश घरजग्गामा छ । रोयल यूनाइटेड सर्भिसेस इन्स्टिट्यूट (आरयूएसआई) अन्तर्गत रहेको आर्थिक अपराध तथा सुरक्षा अध्ययन केन्द्रका संस्थापक निर्देशक टम किटिङले मूल्य नघट्ने र भाडाबाट नियमित आम्दानीको सम्भावना रहने भएकाले हमासजस्ता संस्थाका लागि घरजग्गा “वित्तीय स्रोत जुटाउने उत्तम उपाय“ हुने बताए ।

टर्कीको घडेरी कम्पनी ट्रेन्ड जीवाईओ अमेरिकाद्वारा प्रतिबन्धित कम्पनीहरूमध्ये एक हो । प्यानरामाले अध्ययन गरिरहेका दस्तावेजमा त्यसलाई ’आन्दा टर्क’ भनिएको छ। इस्तान्बुल स्टक एक्सचेन्जमा सूचीकृत हुनुअघि ट्रेन्डको नाम ’आन्दा टर्क’ थियो । ट्रेन्डका पूर्वअध्यक्ष हमिद अब्दुल्लाह अल-अहमरले अक्टोबर ७ को आक्रमण (वा हमासको शब्दमा भन्नुपर्दा “अपरेशन अल-अक्सा फ्लड“) को प्रशंसा गरेका थिए । अल-अहमरले सन् २०२२ मा ट्रेन्डबाट राजीनामा दिए पनि त्यसको माउकम्पनीको प्रमुखको रूपमा अझै कायम छन् ।

इस्तान्बुलमा २०२४ ज्यानुअरीमा आयोजित एउटा सम्मेलनमा उनले “अक्साको बाढी उर्लिँदै गरेको बेला हामी यहाँ भेट्दै छौँ। यो विशाल बाढी प्यारो प्यालेस्टाइन कब्जाबाट मुक्त नभएसम्म रोकिने छैन“ भनेको भिडिओ सार्वजनिक भयो । उनले त्यस सम्मेलनका सहभागीहरूलाई “जायनिजम (यहुदीहरूका लागि छुट्टै देश बनाउने अभियान) लाई जातिवाद र आतङ्कवादको रूपमा अपराध मान्न“ पनि उनले आह्वान गरेका थिए । यस विषयमा बुझ्न प्यानरामाले अल-अहमरलाई लिखित प्रश्न पठाएको थियो। तर उनीबाट कुनै उत्तर प्राप्त भएको छैन ।

ट्रेन्डले भने कम्पनी र हमासबीच सम्बन्ध रहेको भन्ने अमेरिकी ट्रेजरीको आरोप “अनुचित र निराधार“ भएको दाबी गरेको छ । टर्कीका अधिकारीहरूले ट्रेन्डमाथि अनुसन्धान गरिएको र “राष्ट्रको वित्तीय प्रणालीको दुरुपयोग भएको नपाइएको“ जानकारी दिए । उनले टर्कीले अन्तर्राष्ट्रिय आर्थिक नियमको पूर्णतः पालना गर्दै आएको पनि बताए । हमासका अन्य आयस्रोतहरू पनि छन् ।

प्रारम्भिक चरणमा हमासका लागि खर्च जुटाउने कार्यमा अहिले उक्त सङ्गठनका राजनीतिक विभागका प्रमुख याह्या सिन्वारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । सन् १९८८ मा इजरेलका लागि जासुसी गरेको भन्दै केही प्यालेस्टिनीको हत्या गरेको अभियोगमा सिन्वार इजरेलमा जेल परेका थिए। त्यही बेलादेखि उनले हमासको लागि पैसा मिलाउन सुरु गरेको विश्वास छ । सिन्वारसँग १५० घण्टासम्म सोधपुछ गरेको बताउने भूतपूर्व इजरेली सुरक्षा अधिकारी माइका कोबीले सिन्वारले कारागारबाट गोप्य सूचना पठाएर इरानसँग सम्बन्ध बनाएको जानकारी दिए ।

सन् २००७ मा हमासले चुनाव जितेपछि इजरेल र छिमेकी इजिप्टले सुरक्षासम्बन्धी कारण देखाएर गाजामाथिको नाकाबन्दीमा कडाइ गरे। तर यस नाकाबन्दीलाई विफल पार्न सिन्वारले इरानसँग सम्पर्क गरे । “उनले सम्पर्क स्थापना गर्न दूतहरू इरान पठाए। उनले इरानलाई हातहतियार पठाउन आग्रह गरे र इरानी पक्षले उनलाई चाहिएको सबै सहयोग प्रदान गर्न सहमति जनाए ।“ “त्यो थालनी थियो,“ कोबीले भने । मोसाद अधिकारी लेभीले कतारले पनि लुकाएर र देखिने गरी हमासलाई विभिन्न समयमा पैसा पठाएको बताए ।

इजरेलले हमास सरकारका कर्मचारीहरूलाई तलब दिन र गाजाका बासिन्दाहरूलाई मानवीय सहायता प्रदान गर्नका लागि छुट्याइएको रकम उसको अनुमतिमा प्रदान गर्न दिएको स्वीकार गरेको छ । “कतारीहरूले हरेक महिना एक विशेष दूत पठाउँथे। यी दूत एउटा निजी विमानमा रफाह आउँथे, पैसाले भरिएको सुटकेस हमासलाई दिन्थे, भलाकुसारी गर्थे अनि फर्किन्थे। त्यति हो,“ लेवीले भने । तर उनको विश्वासमा त्यो रकमको ठूलो अंश “हमासको सैन्य सङ्गठन बलियो बनाउन“ प्रयोग गरिएको थियो ।

संयुक्त राष्ट्रसङ्घीय निकाय, युरोपेली सङ्घ, वेस्ट ब्याङ्कको प्यालेस्टिनी प्रशासन तथा धेरै परोपकारी संस्थाहरूले पनि गाजालाई मानवीय सहयोगका लागि अर।बौँ डलर प्रदान गर्दै आइरहेका थिए। आरयूएसआईका किटिङले यो पैसा पनि हमासले आफ्नो सैन्य बलमा लगाएको हुन सक्ने आशङ्कालाई “उचित मूल्याङ्कन“ भने। “यो पैसा हमासले सुरुङ खन्ने, हतियार व्यवस्थापन गर्ने आदि प्रयोजनमा पनि लगाउन सक्थ्यो,“ उनले भने । हमासले दाताहरूले दिएको रकम सैन्य प्रयोजनका लागि उपयोग गरेको वा नगरेको र यदि गरेको भए कुन हदसम्म गरेको भनेर पत्ता लगाउन असम्भव छ। यस समूहले प्यानरामालाई सहायताको रकम सेनामा नलगाएको र सेनाको आफ्नै आयस्रोत रहेको बतायो ।

यसैबीच इजरेली प्रधानमन्त्री नेतन्याहुको हमासको आर्थिक स्रोतबारेको धारणा उनको प्यालेस्टाइन राज्यविरुद्धको दृष्टिकोणमा आधारित रहेको देखिन्छ । सन् २०१९ मा आफू कुनै पनि किसिमको प्यालेस्टिनी राज्य स्थापनाको विपक्षमा रहेको स्पष्ट पार्दै उनले आफ्नो लिकूड पार्टीको बैठकमा भनेका थिए, “प्यालेस्टिनी राज्यको स्थापना रोक्न चाहने जोकोहीले हमासलाई बलियो बनाउन र उसलाई पैसा पठाउन सहमत हुनुपर्छ। गाजाका प्यालेस्टिनीहरूलाई वेस्ट ब्याङ्कका प्यालेस्टिनीहरूबाट अलग्ग राख्ने यो हाम्रो रणनीति हो ।“

वेस्ट ब्याङ्कमा शासन गर्ने ’फतह’को बलियो प्रतिद्वन्द्वीको रूपमा हमासलाई कायम राख्न सके “दीर्घकालीन समाधानका लागि वार्ता गर्नुपर्ने गरी कुनै एकीकृत प्यालेस्टिनी नेतृत्वको निर्माण हुँदैन,“ अमेरिकाको वाशिङ्टन डीसीस्थित मीडल ईस्ट इन्स्टिट्यूट नामक थिङ्कट्याङ्कमा प्यालेस्टाइन तथा प्यालेस्टिनी-इजरेली मामिलाका वरिष्ठ फेलो खालेद एल्गिन्डीले बताए । अहिले भने नेतन्याहुले आफूले कहिल्यै हमासलाई बलियो बनाउन नचाहेको र मानवीय सङ्कट हुन नदिनका लागि मात्र कतारी पैसा गाजामा जान दिएको बताएका छन् । उनले हमासको “सर्वनाश“ गर्ने र गाजामा आतङ्कवादलाई आर्थिक सहयोग प्रदान गर्ने “कुनै तत्त्व“ बाँकी नराख्ने उद्घोष गरेका छन् ।

तर गाजाको यति धेरै भाग ध्वस्त पारेर र यति धेरै प्यालेस्टिनी मारेर इजरेलले ठ्याक्क उल्टो परिणाम निम्त्याउन सक्छ । “इरानले हमासलाई पैसा र हतियार दिन बन्द गर्दैन,“ एल्गिन्डीले भने ।“तर त्योभन्दा पनि हमासजस्ता समूहहरूले हतियार र स्रोत प्राप्त गर्न आवश्यक रहेको महसुस गरिरहँदासम्म प्राप्त गरिरहन्छन् ।““हतियार प्राप्त गर्नुपर्ने कारण रहेसम्म हतियार आपूर्ति बन्द हुँदैन ।“

# ‘केपी ओली कप’ विजेतालाई रु ११ लाख




**टुडे समाचारदाता**

काठमाण्डु । यही फागुन ११ देखि १९ गतेसम्म हुने ‘केपी ओली कप-२०८०’ फुटबल प्रतियोगिताका विजेतालाई रु ११ लाख प्रदान गरिने भएको छ ।

राष्ट्रिय युवासङ्घ नेपालले शुक्रबारदेखि आयोजना गर्न लागेको अखिल नेपाल फुटबल सङ्घ (एन्फा) प्रतियोगिताका द्वितीयलाई रु पाँच लाख, उत्कृष्ट खेलाडीलाई रु एक लाख, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट गोलकर्ता र उत्कृष्ट उदीयमान खेलाडीलाई रु ५०/५० हजार प्रदान गरिने जनाइएको छ ।

खेलमा नेपालका सातवटा ‘ए’ डिभिजन, दुई विदेशी तथा एक आयोजक गरी १० टिमले सहभागिता जनाउने छन् । नेपालका सात टिममा जाउलाखेल युथ क्लब, न्यूरोड टिम (एनआरटी), थ्रीस्टार, नेपाल पुलिस, त्रिभुवन आर्मी, चर्च ब्वाइज युनाइटेड, मच्छिन्द्र क्लब, दुई विदेशी क्लबमा दिल्ली एफसी, पश्चिम बङ्गाल क्लब र आयोजक केपी एफसी क्लबले सहभागिता जनाउने केपी ओली कपका संयोजक सुमन पुरीले जानकारी दिए ।

उहाँका अनुसार खेलको नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम छ । उक्त समारोहमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, अन्य विशिष्ट व्यक्ति, एन्फा, राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधि, खेलाडी र कलाकार रहनेछ । उद्घाटन समारोहमा ख्यातिप्राप्त कलाकारद्वय प्रकाश दुतराज र दीक्षा कार्कीको विशेष प्रस्तुति रहने पुरीले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए ।उक्त प्रतियोगिताको ११ देखि १६ गतेसम्म एन्फा सातदोबाटो हुनेछ भने १७ गते हुने सेमिफाइनल र १९ गते हुने फाइनल प्रतियोगिता दशरथ रङ्गशाला त्रिपुरेश्वरमा हुनेछ ।

‘सवल राष्ट्र निर्माणका लागि स्वस्थ सेवा, स्वस्थ युवाका लागि खेलकुद’ भन्ने नाराका साथ हुन लागेको फुटबल प्रतियोगिताले खेलकुदको प्रवर्द्धन, खेलाडी उत्पादन, रोजगारसँगै आर्थिक समृद्धिको आधारसँग जोड्ने अभियानले आयोजना गर्न लागिएको सङ्घले जनाएको छ ।

खेलकुद क्षेत्रमा ‘समस्या होइन, सम्भावना’ छ भन्ने कुरालाई उजागर गर्दै त्यसलाई नेतृत्व गर्न सक्ने सङ्गठनको रुपमा केपी ओली कप गत वर्षदेखि सुरुआत गरिएको थियो ।

# नेपाल ए पराजित, क्यानडाले जित्यो शृंखला

**टुडे समाचारदाता**

काठमाण्डु । एकदिवसीय शृंखलाको तेस्रो तथा अन्तिम खेलमा नेपाल ए क्यानडा-११ सँग चार विकेटले पराजित भएको छ ।

जितसँगै तीन खेलको उक्त शृखंला क्यानडा-११ ले २-१ ले जित्यो ।पहिलो खेलमा क्यानडाले नेपाललाई चार विकेटले हराएको थियो भने दोस्रो खेलमा नेपालले क्यानडामाथि दुई विकेटको जित हासिल गरेको थियो ।

आज जितका लागि एक सय ८२ रनको लक्ष्य क्यानडा-११ ले २८ दशमलव पाँच ओभरमा छ विकेटको क्षतिमा पूरा गर्यो । क्यानडा-११ को जितमा निकोलस किर्तोनले ७७ बल खेल्दै छ चौकाको मद्दतमा सर्वाधिक ५८ रनको योगदान गरे ।

त्यसैगरी नवनित दलिवालले ३८, आरोजन जोनसनले ३६ तथा निखिल दत्तले १४ रन बनाए ।नेपालका लागि साहब आलमले चार विकेट लिए भने शेर मल्ल र बसिर अहमदले समान एक-एक विकेट लिए ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले ४७ ओभरमा सबै विकेट गुमाउँदै एक सय ८१ रनको योगफल बनाएको थियो । नेपालका लागि आशुतोष घिरैयाले सर्वाधिक २८ रनको योगदान दिए । त्यसैगरी अर्जुन कुमालले २७ बनाउँदा बसिर अहमदले २५ तथा कप्तान सन्दीप जोराले २४ रन बनाए ।

सुजन थपलियाले २० तथा रासिद खान र प्रतिश जिसीले १९ रन बनाए ।क्यानडाका लागि डिलोन हेलिगर, निकोलस कीर्तन र हर्ष ठेकरले समान दुई-दुई विकेट लिए भने कप्तान सादबिन जफर र कलिम सानाले समान एक-एक विकेट लिए ।

# नाभाल्नीको मृत्युपछि ‘निराशा’ विरुद्ध चेतावनी

**एएफपी**

मस्को । कारागारमा रहेका विपक्षी राजनीतिज्ञ भ्लादिमिर कारा-मुर्जाले बिहीबार रुसीहरूसँग आर्कटिक कारागारमा एलेक्सी नाभाल्नीको मृत्यु भए पनि लोकतन्त्रका लागि लडिरहन आग्रह गर्नुभएको छ ।

गत साता नाभाल्नीको मृत्युले रुसको विपक्षमा निराशा उत्पन्न गराएको छ । यिनीहरूमा अधिकांश निर्वासन र कारागारमा छन् वा मरिसकेका छन् । “तर्कसङ्गत वा भावनात्मकरूपमा के भएको हो भन्नेबारे मैले अझै पनि बुझ्न सकेको छैन तर हामी उदासी र हताससामु झुक्यौँ भने उनीहरू त्यही चाहन्छन् । हामीलाई यस्तो गर्ने कुनै अधिकार छैन, हामी हाम्रा लडेका साथीहरूप्रति आभारी छौँ”, कारा-मुर्जाले भन्नुभयो ।

रुस र बेलायतको दोहोरो नागरिकता भएका कारा-मुर्जालाई गत वर्ष २५ वर्षको कारागार सजाय सुनाइएको थियो । यो राष्ट्रपति भ्लादिमिर पुटिनको कारागारमा रहेका



सबै आलोचकहरूको तुलनामा सबैभन्दा लामो ज्ञात सजाय हो । कारा-मुर्जा अर्का विपक्षी राजनीतिज्ञ बोरिस नेमत्सोभका पनि निकट हुनुहुन्थ्यो । उहाँको सन् २०१५ मा क्रेमलिननजिकै हत्या गरिएको थियो । साथै गत साता नाभाल्नीको मृत्युले रुसमा कैदमा रहेका क्रेमलिनका आलोचकहरूका लागि भय उत्पन्न गराएको छ ।

कारागारमा कारा-मुर्जाको स्वास्थ्य बिग्रिएको छ । उहाँका वकिलहरूका अनुसार दुई पटक विष दिइएकाले उहाँ गम्भीर स्वास्थ्य समस्याले पीडित हुनुहुन्छ । यद्यपि साइबेरियाको कारागारबाट कारा-मुर्जाले ‘रुसलाई सामान्य, स्वतन्त्र युरोपेली लोकतान्त्रिक मुलुक बनाउने’ आशा व्यक्त गर्नुभयो । “एलेक्सीले भन्नुभएको छ : हार नमान्नुहोस्, हार मान्नु असम्भव छ”, उहाँले भन्नुभयो ।

# किसानमाथि प्रहरी कारवाहीमा एकको मृत्यु

**सिन्ह्वा**

नयाँदिल्ली । भारतको उत्तरी राज्य हरियाणामा बुधबार आन्दोलित किसानहरूमाथि प्रहरीले रबरको गोली र अश्रु ग्यास प्रहार गर्दा एक युवा किसानको मृत्यु भएको र अन्य केही घाइते भएको अधिकारीहरूले बताएका छन् ।

किसानको मृत्यु राष्ट्रिय राजधानी नयाँदिल्लीबाट करिब एक सय २१ किलोमिटर टाढा पञ्जाब र हरियाणाको बीच सीमाविन्दु खनौरीमा भएको हो । प्रहरीका अनुसार २० वर्षीय शुभकरण सिंह प्रहरी कारवाहीमा मारिएका हुन् ।

यद्यपि हरियाणा प्रहरीले उक्त आरोपलाई अस्वीकार गरेको छ। “खनौरीबाट तीन जना बिरामी हामीसँग आएका छन्, तिनीहरूमा एक जनाको यहाँ आइपुग्दा मृत्यु भएको छ, गोली लागेको जस्तो देखिएका अन्य दुईको अवस्था गम्भीर छ तर यसको पुष्टि गर्न सकिँदैन”, पटियालाका राजेन्द्र अस्पतालका वरिष्ठ चिकित्सा अधिकारी रेखीलाई उद्धृत गर्दै भनिएको छ, “यहाँ



आइपुग्दा मरिसकेका व्यक्तिको टाउकोमा गोली लागेको थियो तर गोलीको आकारजस्तो अधिक जानकारीको पुष्टि शव परीक्षणपछि मात्र थाहा हुनसक्छ ।”

पञ्जाबका मुख्यमन्त्री भगवन्त मानले पनि मृत्युको पुष्टि गर्नुभयो । प्रहरीले किसानको आन्दोलन रोक्नका लागि अम्बाला जिल्ला नजिकै अर्को सीमा विन्दु शम्भूमा अश्रु ग्याससहित रबरको गोली चलाएको छ । जारी विरोध प्रदर्शन अन्त्य गर्ने प्रस्तावका रूपमा आगामी पाँच वर्षका लागि न्यूनतम सुरक्षा मूल्यमा किसानबाट दाल, मकै र कपासको बाली खरिद गर्ने सरकारको प्रस्तावलाई अस्वीकार गरेपछि किसानहरूले बुधबार नयाँदिल्लीमा पुनः आन्दोलन सुरु गरेका छन् ।

भारतको सङ्घीय सरकारले बुधबार किसानहरूलाई शान्ति कायम राख्न आग्रह गर्दै समाधानका लागि पाँचौं चरणको वार्ता गर्न तयार रहेको जनाएको छ ।

भारतमा यसै वर्ष आसन्न आम निर्वाचन र प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकालको अवसर खोजिरहेका बेला किसानहरूको विरोध प्रदर्शन चलिरहेको छ ।

# तीव्र आँधीको आशङ्कामा मरिससद्वारा उडानहरू रद्द

**एएफपी**

पोर्ट लुइस । मरिससले बिहीबार हिन्द महासागरको द्वीपमा बलियो उष्णकटिबन्धीय आँधी आएपछि उडान र विद्यालयहरू बन्द गरेको मौसम विज्ञान सेवाहरूले जनाएका छन् ।

एलेनोर नामक आँधी स्थानीय समयानुसार बिहान ४ बजे मुलुकबाट करिब दुई सय किलोमिटर उत्तरपूर्वमा रहेको र २० किलोमिटर प्रतिघण्टाको वेगमा अगाडि बढिरहेको मौसम सेवाले जानकारी दिएको छ ।

एक बुलेटिनमा भनिएको छ, “प्रारम्भमा हावा करिब ४० किलोमिटर प्रतिघन्टाको गतिमा दक्षिणपूर्व जानेछ । यो दिउँसो एक सय १० किलोमिटर प्रतिघन्टासम्म पुग्नेछ र फेरि एक सय २० किलोमिटर प्रतिघन्टाभन्दा बढी हुनेछ ।”

मुलुकको प्रमुख अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालकले हवाई सेवा बन्द हुने र राष्ट्रियवाहक एयर मरिससले बिहीबार बिहान प्रस्थानका लागि निर्धारित उडानहरू रद्द गर्ने बताएको छ । सार्वजनिक यातायात र विद्यालयहरू पनि बन्द गरिएको छ । आफ्नो सानदार सेतो बलौटे सामुद्रिक तटहरू र नीलो-हरियो पानीका लागि प्रसिद्ध दुर्गम टापु मरिसस कहिलेकाहीँ चक्रवातको मार्गमा पर्दछ । जनवरीमा उष्णकटिबन्धीय आँधी बेलालले एक व्यक्तिको ज्यान लिएको थियो र हजारौँ मानिसलाई विद्युत्विहीन बनाएको थियो । भवनहरूमा पानी भरिएका थिए भने यातायात प्रभावित बनेको थियो ।

प्रत्येक वर्ष नोभेम्बर-अप्रिलको मौसममा दक्षिण पश्चिम हिन्द महासागरमा करिब एक दर्जन आँधी वा चक्रवात आउँछन् । गत वर्ष फेब्रुअरीमा मरिससमा चक्रवात फ्रेडीका कारण भीषण वर्षा र आँधी आउँदा मलावी, मोजाम्बिक र मडगास्करलगायत सम्पूर्ण दक्षिण-पूर्वी अफ्रिकामा मृत्यु र विनाशको लहर निम्त्याएको थियो ।

# हल गोरु पाल्ने किसानलाई अनुदान

**टुडे समाचारदाता**

वालिङ। स्याङ्जाको वालिङ-५ वडा कार्यालयले हल गोरु पाल्ने किसानलाई अनुदान दिने भएको छ। बढ्दो यान्त्रिकीकरणसँगै गोरु पाल्ने चलन हराउँदै गएकाले 'हल गोरु पालन प्रोत्साहन एवं प्रवर्द्धनात्मक' कार्यक्रमअन्तर्गत किसानलाई रु पाँच हजार अनुदान उपलब्ध गराउने वडाअध्यक्ष छविलाल आलेले बताए।

हाते ट्र्याक्टर तथा प्रविधिको बढ्दो प्रयोगका कारण पुस्तौँदेखि चल्दै आएको हाम्रो परम्परा पनि हराउँदै गएकाले त्यसको संरक्षणका लागि वडाले अभियानका रुपमा हल गोरु पाल्ने किसानलाई अनुदान दिने नीति अगाडि सारेको उनले बताए। "नयाँ पुस्ता प्रविधितर्फ आकर्षित हुँदै गर्दा गोरुपालनका लागि वडाले बजेट विनियोजन गरेको छ," उनले भने, "हाम्रो परम्पराको संरक्षणका लागि पनि यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ।"



वडा कार्यालयले आर्थिक वर्ष २०८०/८१ को वडास्तरीय स्वीकृत योजनाबाट वडाभित्रका हल गोरु पालेका किसानलाई अनुदान दिइने उनले बताए। वडाभित्र अनुमानित ५०-७० हल गोरु हुनसक्ने अनुमान वडाको छ। "कृषि प्रयोजन तथा प्राङ्गारिक मलका लागि गोरु पाल्दै आएका किसानलाई गोरुको संरक्षण तथा प्रोत्साहनस्वरुप न्यूनतम रु पाँच हजार उपलब्ध गराउँछौँ," उनले भने, "हल गोरुपालन प्रवर्द्धन कार्यक्रममा सहभागी हुन वडामा अनुदानका लागि निवेदन दिनुपर्नेछ।"

किसानले गोठमा हलगोरुसँग स्पष्ट देखिने गरी खिचेको तस्बिर, एकीकृत सम्पत्ति कर तिरेको रसिद, कृषि प्रयोजनका लागि एक महिनाअघि हलगोरुको व्यवस्था गरेको स्वघोषणा गरेको हुनुपर्ने वडासचिव डोलजङ्ग गुरुङले बताए। वडा कार्यालयले किसानको गोठमा हल गोरुपालन गरे/नगरेको, स्थानीय टोलबासी तथा जनप्रतिनिधिको स्थलगत अनुगमनपछि मात्रै अनुदान दिइने सचिव गुरुङले बताए।

# लिफ्ट सिँचाइले फेरिए गाँउ

**टुडे समाचारदाता**

चितवन । सिँचाइको अभावमा भरुभूमिजस्तै रहने गरेको मकवानपुरको बागमती गाउँपालिका-२ राईगाउँ यतिखेर हराभरा भएको छ। आकाशे पानीको भरमा खेती गर्दै आएका यहाँका बासिन्दा अहिले लिफ्ट सिँचाइको व्यवस्थासँगै सदाबहार खेती गर्न केन्द्रित भएका छन् ।

अघिल्ला वर्षहरूमा यतिबेला माटो उड्ने गरेका खेतमा अहिले भने मकै हराभरा भएका छन् । असारमा धान र चैतमा मकैखेतीमात्रै गर्ने उनीहरू अहिले बेमौसमी मकैखेतीमा केन्द्रित भएका छन् ।मकवानपुरको यस गाउँपलिका वडा नं २ मा चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाले नयाँ प्रविधिसहित सिँचाइको व्यवस्था गरेसँगै उनीहरू कृषिकर्ममा व्यस्त रहने गरेका छन् । आयोजनाले बागमती नदीको पानीलाई लिफ्ट सिँचाइ प्रणालीबाट खेतखेतमा पानीको व्यवस्था गरेपछि स्थानीय कृषि कर्ममा उत्साहित बनेको स्थानीय घनश्याम विक बताउछन् ।

आयोजनाले रु ६५ लाखको लागतमा बागमती नदीको पानीलाई तानेर गाउँमा पुर्याएपछि त्यहाँका बासिन्दा उत्साहित भएर लागेको उनले बताए । बाढीमा समेत मोटरको सुरक्षा गर्नेगरी आयोजनाले सिँचाइको व्यवस्था गरेपछि यस क्षेत्रका युवासमेत खेतीमा आकर्षित भएको विकले बताए।



नदीको पानीलाई तानेर एक हजार पाँच सय मिटरसम्म सिँचाइको व्यवस्था हुँदा गाउँ नै फेरिएको उनको भनाइ छ। नियमित सिँचाइको व्यवस्था भएपछि यस क्षेत्रको एक सय ५० बिघा क्षेत्रफलमा सिञ्चित भएको उनले बताए। विकले भ भने, "विदेश जाने सोच बनाएको थिएँ, अब त्यो सोचलाई परिवर्तन गरेको छु ।"स्थानीय राजकुमार सेन्चुरीले अहिले आफ्नो बारीमा मात्रै नभएर छिमेकीको बारीमा समेत मकैखेती गर्दै आएका छन् । सिँचाइ भएपछि गाउँमा हरित क्रान्ति भएको उनले बताए । उनले भने, "पहिला यो समयमा बारीमा धुलो उड्थ्यो, अहिले हरियाली भएको छ।"

स्थानीयले यस वर्ष मकै बेचेरमात्र रु एक करोड आम्दानी गर्ने उनले बताए। गाउँपालिकाले मकैको बीउमा अनुदान दिएर मकैखेती गर्न प्रोत्साहन गरेको छ । बागमतीको पानीले यस क्षेत्रलाई १२ महिना नै हरियाली बनाउन सहयोग गरेको उनको भनाइ थियो । भदौदेखि राइगाउँबजार लिफ्ट सिँचाइ आयोजनाले किसानलाई पानी उपलब्ध गराउन थालेको हो। पहिला आफूहरूको आम्दानीको स्रोत केही नभएर विदेश जानुपर्ने बाध्यता भए पनि अब भने त्यस्तो नभएको उनले बताए।

चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनाका प्रमुख ई देवकुमार स्याङ्बो यो परियोजनाले यस क्षेत्रको मुहार फेर्न सफल भएको बताउछन् । नयाँ प्रविधिबाट नदीको पानीलाई गाउँमा पुर्याइएको हो । क्रेन लिफ्ट सिँचाइ प्रविधिबाट सिँचाइको व्यवस्था गरिएको उनले बताए। उनले भने, "वर्षात्को समयमा बाढी आउँदा मोटरको सुरक्षाका लागि क्रेनेल मोटरलाई माथि तान्नेगरी आयोजना सम्पन्न गरिएको छ ।" आधुनिक सिँचाइ प्रणालीबाट यस क्षेत्रको सिँचाइ गरिएको बताउँदै उनले अहिले क्षेत्रफल विस्तारको काम भइरहेको बताए। स्थानीयले क्षेत्रफल विस्तारका लागि बजेट माग गरेको उनको भनाइ छ।

# गण्डकीमा घरेलु मदिरालाई वैध बनाइने

**टुडे समाचारदाता**

गण्डकी। लुकीछिपी उत्पादन र बिक्री वितरण भइरहेको घरेलु मदिरालाई वैध बनाउन गण्डकी प्रदेश सरकारले कानुन निर्माणको प्रक्रिया थालेको छ। सोसम्बन्धी विधेयकको मस्यौदालाई प्रदेशसभाको आगामी हिउँदे अधिवेशनमा पेस गर्ने प्रदेश सरकारको तयारी छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका प्रवक्ता दिनेशप्रकाश अर्यालले घरेलु मदिराको 'ब्रान्डिङ'का लागि कानुन ल्याउन लागिएको बताए । "विधेयक प्रस्तावका लागि आर्थिक मामिला मन्त्रालयले स्वीकृत दिइसकेको छ", उनले भने, "कानुन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट सैद्धान्तिक सहमति आएपछि मस्यौदाको काम अगाडि बढ्छ।"



मापदण्ड र गुणस्तर तय गरेर घरेलु मदिराको व्यावसायिक उत्पादनलाई खुला गर्न कानुनी प्रबन्ध गर्न लागिएको प्रवक्ता अर्यालले बताए । सङ्घीय कानुनसँग नबाझिने गरी विधेयक ल्याउन आर्थिक मामिला मन्त्रालयले स्वीकृति प्रदान गरेको उनको भनाइ छ।

"घरेलु मदिरालाई वैधानिकता दिने विषय प्रदेश सरकारको प्राथमिकतामा छ", प्रवक्ता अर्यालले भ भने, "उद्योगका रूपमा लैजाने कि र घरघरै बनाउन अनुमति दिने भन्नेमा अझै मतैक्य भने हुनसकेको छैन, मुख्यमन्त्री र मन्त्री सबैतिर खुला गर्ने सोचमा हुनुहुन्छ, कतिपयको उद्योग खोलेर व्यवस्थित गर्नुपर्ने धारणा छ।"

परम्परागतरूपमा घरघरमा बनाइँदै आएको मदिरालाई एकसाथ वैध घोषणा गर्दा गुणस्तर सुनिश्चितताको समस्या आउन सक्ने उनको भनाइ छ । "गुणस्तर कायम गर्ने र नियमन गर्ने विषय जटिल छ", उनले भने, "मदिरासँग सम्बन्धित विषय भएकाले राम्रो सुझबुझसहित सरकारले कानुन बनाउनुपर्ने अवस्था छ।"

प्रदेश सरकारले घरेलु मदिराको 'ब्राण्डिङ' र बजारीकरणलाई आफ्नो वार्षिक नीति तथा कार्यक्रममा पनि समेटेको छ । मुख्यमन्त्रीलगायत विभागीय मन्त्रीले पटकपटक घरेलु मदिरालाई 'ब्राण्डिङ' गरेर कानुनी मान्यता दिने बताउँदै आउनुभएको छ। पछिल्लो समय प्रदेश र स्थानीय तहले घरेलु मदिरालाई वैधानिकता दिनुपर्ने आवाज उठाउँदै आएका छन्।

सर्वोच्च अदालतले केही वर्षअघि संस्कारजन्य कार्यका लागि एक परिवारले वर्षमा ३० लिटरसम्म उत्पादन गर्न पाउने फैसला गरे पनि व्यावसायिक उत्पादन र बिक्री वितरणका लागि घरेलु मदिरा बर्जित छ। मदिरा ऐन, २०३१ ले पनि घरेलु मदिरालाई वैधानिक मान्यता दिएको छैन।

सोही ऐनमा टेकेर प्रहरीले बेलाबेला घरेलु मदिरा नष्ट गर्ने अभियान नै चलाउँछ। जनजाति समुदायको संस्कृतिसँग गाँसिएको र कतिपयको आयआर्जनको माध्यम बनेको घरेलु मदिरा जफत गरेको भन्दै प्रहरीकै आलोचना हुने गर्छ । वैज्ञानिक विधिबाट गुणस्तरीय घरेलु मदिरा उत्पादन र बजारीकरण गर्न सके राज्यलाई ठूलो आर्थिक लाभ मिल्ने गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा डा नवराज देवकोटाले बताए । विश्वविद्यालयले गरेको घरेलु मदिरा बनाउन प्रयोग हुने मर्चाको गुणस्तर निर्धारण अनुसन्धान सफल भएको उनको भनाइ छ।

प्रदेशका ११ वटै जिल्लाबाट रक्सी बनाउने विधिको अध्ययनसहित मर्चा सङ्कलन गरेर रासायनिक विश्लेषण गरिएको उपकुलपति प्रा डा देवकोटाले बताए । मर्चाको मापदण्ड र गुणस्तर कायम गरेर घरेलु मदिरालाई सुरक्षित बनाउन सकिने आधार अनुसन्धानबाट देखिएको उनको भनाइ छ।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिरहाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/११/११ गते शुक्रवारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंक बाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको किस्ता (सावाँ, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/०३/०६ , मिति २०८०/०३/०६ गते बिहिवारको अपन दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने वारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता भुक्तान नगर्नु भएको र तोकिएको समयावधि भित्र बोलपत्र समेत प्राप्त हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र शाखा **कार्यालय लाहान, सिरहामा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) शाखा **कार्यालय लाहान, सिरहामा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्च: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा ब्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ताहरु तथा धितो सुरक्षणको विवरण:**

**१. ऋणी:** नेपाल सरकार, वाणिज्य मन्त्रालय वाणिज्य विभाग, लाहान सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०७४/११/१७ गते प्रा.फ.र.नं. ७५६५/२०७४/०७५ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहानबाट मिति मिति २०७४/११/१७ (मु.अ.कर दर्ता मिति २०७६/८/३ अन्त:शुल्क दर्ता मिति २०७४/११/१७) मा करदताको नाम विरेन्दर मंडल कारोवारको नाम विरेन्दर जनरल पसल भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७५६६५२१ को प्रमाणपत्र प्राप्त **विरेन्दर जनरल पसल ।** **ठेगाना :** सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं.३ ।

| | |
|---|---|
| **प्रोप्राइटर/जमानतकर्ता : विरेन्दर मंडल**<br>(ना.प्र.नं. ११६९६/६३ जारी मिति २०६३/०७/२१, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला मझौरा गा.बि.स. वडा नं.५ ( हाल नवराजपुर गा.पा. वडा नं. ३ ) मझौरा ।<br>बाबु : दशै मंडल खत्वे । बाजे : कारी मंडल खत्वे । | **जमानतकर्ता : दशै मंडल खत्वे**<br>(ना.प्र.नं. १५५८४२२६९/८५४ जारी मिति २०४४/१२/१७, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला मझौरा गा.बि.स. वडा नं.५ (हाल नवराजपुर गा.पा. वडा नं. ३ ) मझौरा ।<br>बाबु : कारी मंडल खत्वे । बाजे : विहारी मंडल । |
| **जमानतकर्ता : ककुलती मण्डल**<br>(ना प्र नं. १५३०३७/२७० जारी मिति २०६३/१२/२८, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला मझौरा गा.बि.स. वडा नं.५ (हाल नवराजपुर गा.पा. वडा नं. ३ ) मझौरा ।<br>बाबु : मागैन खत्वे ।<br>पति : विरेन्दर मंडल/ससुरा : दशै मंडल खत्वे । | **लिलाम विक्री हुने सम्पत्तिको विवरण :**<br>१. दशै मंडल खत्वेको नाममा मालपोत कार्यालय लाहान सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला मझौरा गा.बि.स. वडा नं. ६ नक्सा सिट नं.६ स्थित कि नं. ५९६ क्षेत्रफल ०-३-१-० (बिघा) को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....................१<br>२. ऋणी **विरेन्दर जनरल पसल** फर्मको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..........१ |

**२. ऋणी :** प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ अन्तर्गत मिति २०७६/०६/१६ गते प्रा.फ.र.नं. ११०२४/०७६/७७, स्थानीय व्यापारमा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग आन्तरिक राजश्व कार्यालय, लाहानबाट मिति २०७६/०६/१६ मा कर दताको नाम गंगा देवी यादव कारोवारको नाम गंगा ट्रेड भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं.६१२१८२७०१ को प्रमाणपत्र प्राप्त **गंगा ट्रेड । ठेगाना :** सिराहा जिल्ला, लहान न.पा. वडा नं. १ ।

| | |
|---|---|
| **प्रोप्राइटर/जमानतकर्ता : गंगा देवी यादव**<br>(ना.प्र.नं. ०५५६३४४६ जारी मिति २०६२/०२/०१, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला फुलकाहाकट्टी गा.वि.स. वडा नं.८ (धनगढीमाई न.पा. वडा नं. ७) ।<br>बाबु : सत्य नारायण यादव ।<br>पति : राम एकवाल यादव/ससुरा : सौखीलाल यादव । | **जमानतकर्ता : राम एकवाल यादव**<br>(ना.प्र.नं. ४७९/२९३ मिति २०४८/०७/२९, जारी गर्ने कार्यालय जि.प्र.का. सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला फुलकाहाकट्टी गा.वि.स. वडा नं.८ (धनगढीमाई न.पा. वडा नं. ७) ।<br>बाबु : सौखीलाल यादव ।<br>बाजे : मनी लाल यादव । |
| **जमानतकर्ता : देवेन्द्र कुमार यादव**<br>(ना.प्र.नं.१५-०१-७३-१००३० जारी मिति २०७३/१२/१०, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ७ ।<br>बाबु : राम एकवाल यादव । बाजे : सौखीलाल यादव । | **जमानतकर्ता : सिमा कुमारी यादव**<br>(ना.प्र.नं.१५-०१-७२-०४०३० जारी मिति २०७२/०९/०९, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना : सिरहा जिल्ला धनगढीमाई न.पा. वडा नं. ७ ।<br>बाबु : राम एकवाल यादव । बाजे : सौखीलाल यादव । |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**
१. गंगा देवी यादवको नाममा मालपोत कार्यालय लाहानमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला फुलकाहाकट्टी गा.बि.स. वडा नं.२ नक्सा सिट नं.२ख, स्थित कि नं. ३९९ को क्षेत्रफल ०-४-१.५-० (बिघा) को घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..............................१
२. ऋणी **गंगा ट्रेड** फर्मको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..........................१

| | |
|---|---|
| **३. ऋणी : ललिता यादव**<br>(ना प्र नं. १५३००८/७ जारी मिति २०६३/११/०२, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना: सिरहा जिल्ला सोनमती मझौरा गा.बि.स. वडा नं.३ (हाल लाहान ना.पा. वडा नं. १९) ।<br>बाबु : जैलाल यादव ।पति : जितन यादव/ससुरा : हित लाल । | **जमानतकर्ता : जितन यादव**<br>(ना.प्र.नं. ६३३ जारी मिति २०३५/०६/११, जारी गर्ने कार्यालय जि.प्र.का सिरहा) ।<br>ठेगाना: सिरहा जिल्ला सोनमती मझौरा गा.बि.स. वडा नं.८ (हाल लाहान ना.पा. वडा नं. १९) ।<br>बाबु : हित लाल । बाजे : भदै यादव । |

**लिलाम बिक्रीहुने सम्पत्तिको विवरण**
लालिता यादव...१, अर्जुन कुमार यादव....१, र अरुण कुमार यादव..१ समेत जना ३ को संयूक्त नाममा मालपोत कार्यालय लाहान सिरहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला लाहान बजार गा.बि.स.वडा नं.२ नक्सा सिट नं. २क, स्थित कि नं. ५६९ र ५७५ क्षेत्रफल ०-०-४.७५-० र ०-०-४.७५-० (बिघा) को घर/जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..............................

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय लहान सिराहा**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको शाखा कार्यालय **लाहान सिरहामा** सम्पर्क गर्न हुन तथा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय लहान सिराहामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००



## भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाको
## ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ८ हाल धनुषाधाम न.पा. वडा नं. १ मा बस्ने विजय कुमार यादवको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा ऐ.ऐ. मा बस्ने सवद यादव मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछी हक खाने एकासगोलको श्रीमान्, श्रीमती, बाबु, आमा, छोरा, छोरी, बुहारी, नाती, नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, कानूनी हकदार समेत नभएको हुँदा उक्त जग्गामा म जग्गाधनीले आफैं जोती कमाई आइरहेको छु। तर उक्त जग्गाको मोही लगतमा सवद यादवको नाउँ हालसम्म यथावत कायम नै रहेको हुँदा निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पुर्जा तथा श्रेस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनीले मिति २०७९/१२/०२ गतेमा दिएको निवेदनमा कारवाही हुँदा दावी जग्गाको मोही सवद यादव वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफैं वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनी मिति २०८०/०५/०७ मा आदेश भएको हुँदा उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ। दावी जग्गाबाट मोही सवद यादवको नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफैं वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला। अन्यथा दावी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | तेजनगर | ७ ग | ९ | ०-१४-४-० | सवद यादव | विजय कुमार यादव |



## भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाको
## ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा धनुषा गोविन्दपुर गा.वि.स. वडा नं. ८ हाल धनुषाधाम न.पा. वडा नं. १ मा बस्ने निराजन कुमार यादवको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमका जग्गामा ऐ.ऐ. मा बस्ने सवद यादव मोही रहेको र निजको नाउँ मेरो जग्गाधनी प्रमाण पुर्जामा रही रहेकोमा निज मोहीको यस ठाउँमा बसोबास नभएको र निजको शेष पछी हक खाने एकासगोलको श्रीमान्, श्रीमती, बाबु, आमा, छोरा, छोरी, बुहारी, नाती, नातीबुहारी, ३५ वर्ष पुगेको अविवाहीता छोरी धर्मपुत्र, कानूनी हकदार समेत नभएको हुँदा उक्त जग्गामा म जग्गाधनीले आफैं जोती कमाई आइरहेको छु। तर उक्त जग्गाको मोही लगतमा सवद यादवको नाउँ हालसम्म यथावत कायम नै रहेको हुँदा निज मोहीको नाउँ कट्टा गरी जग्गाधनी प्रमाण पुर्जा तथा श्रेस्ताको मोही महलबाट समेत मोहीको नाउँ कट्टा गरिदिन श्री भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको नाउँमा पत्र लेखि पाउँ भनी जग्गाधनीले मिति २०७९/१२/०२ गतेमा दिएको निवेदनमा कारवाही हुँदा दावी जग्गाको मोही सवद यादव वा निजको एकासगोलको माथि उल्लेखित हकदारहरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सम्पूर्ण प्रमाणहरु साथ आफैं वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुनु भनी सार्वजनिक सूचना प्रकाशित गर्ने भनि मिति २०८०/०५/०७ मा आदेश भएको हुँदा उक्त आदेश बमोजिम यो सूचना प्रकाशित गरिएको छ। दावी जग्गाबाट मोही सवद यादवको नाम कट्टा हुनु नपर्ने कुनै कारण भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफैं वा वारेश मार्फत लिखित जवाफ सहित हाजिर हुन आउनुहोला। अन्यथा दावी जग्गाबाट मोहीको नाउँ कट्टा भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल**

| सि.नं. | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | मोहीको नाउँ | जग्गाधनीको नाउँ |
|---|---|---|---|---|---|---|
| १ | तेजनगर | ७ ख | ११८ | ०-५-११-० | सवद यादव | निराजन कुमार यादव |
| २ | तेजनगर | ७ ख | १२० | ०-६-२-० | सवद यादव | निराजन कुमार यादव |

# लालबन्दी महोत्सव सुरु



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-६, राधाकृष्ण फुटबल मैदानमा बिहीबारबाट प्रथम लालबन्दी महोत्सव सुरु भएको छ । "कृषि, पर्यटन र व्यापार : स्वरोजगार र आत्मनिर्भरताको आधार" भन्ने मूल नारा सहित उद्योग वाणिज्य सङ्घ लालबन्दीले आयोजना गरेको महोत्सवको मधेश प्रदेशकी उद्योग, वन तथा पर्यटनमन्त्री सुनिता यादवले उद्घाटन गरे ।

मन्त्री यादवले कृषि र पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेको मधेश प्रदेशमा यस्ता मेला, महोत्सवले यो क्षेत्रको विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे । अस्ताइरहेको र कठिन अवस्थाबाट गुज्रिरहेको बजारलाई चलायमान बनाउने मुख्य उद्देश्य राखी महोत्सव आयोजना गरिएको उद्योग वाणिज्य सङ्घ लालबन्दीका अध्यक्ष दीपेन्द्रकुमार बलम्पाकीले जानकारी दिए ।

महोत्सव उद्घाटन समारोहमा प्रदेशसभा सदस्य बेची लुङ्गेली, लालबन्दीका नगरप्रमुख वासुदेव अधिकारी, प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमला लगायतले मन्तव्य राख्दै महोत्सव सफलताको शुभकामना व्यक्त गरे ।

महोत्सव उद्घाटन अघि बिहीबार बिहान पूर्व-पश्चिम राजमार्गस्थित लालबन्दी बजारको डुमडुमे मन्दिरदेखि महोत्सवस्थलसम्म विभिन्न जातजातिको भेषभुषासहितको झाँकी र्‍याली निकालिएको थियो । उद्घाटन समारोहमा १८ जातजातिको भेषभुषा र पहिचान झल्कने नृत्य प्रस्तुत गरिएको छ ।

महोत्सवमा कृषि, होटल र अन्य गरी १६० वटा स्टल राखिएको उद्योग वाणिज्य सङ्घ लालबन्दीका वरिष्ठ उपाध्यक्ष पूर्णप्रसाद चौलागाईले बताए । फागुन १९ गतेसम्म सञ्चालन हुने महोत्सवमा ५० हजार दर्शक आउने अपेक्षा गरिएको छ ।

महोत्सवमा राष्ट्रिय स्तरका कलाकारहरूको प्रस्तुति प्रमुख आकर्षण रहेको आयोजकले जनाएको छ । अशक्त र ज्येष्ठ नागरिकलाई भने निःशुल्क प्रवेश दिइएको महोत्सवमा विद्यार्थीलाई ५० रुपैयाँ र अन्य सर्वसाधारणलाई ७० रुपैयाँ टिकट शुल्क निर्धारण गरिएको छ ।

# अघोषित लोडसेडिङको मारमा औद्योगिक करिडोर

**टुडे समाचारदाता**

बारा । नेपाल विद्युत प्राधिकरणले बारा-पर्सा औद्योगिक करिडोरमा दैनिक ८ देखि १० घण्टा 'अघोषित' रुपमा लोडसडिङ गर्दा उद्योगीहरु मर्कामा परेका छन् । विद्युत प्राधिकरण सिमरा र वीरगञ्ज वितरण केन्द्रले पुस पहिलो सातादेखि बिहान ७ बजेदेखि ११ बजेसम्म र साँझ ५ बजेदेखि राति ९ बजेसम्म विद्युत कटौती गर्दै आएको उद्योगीहरुको भनाइ छ ।

अघोषित रुपमा विद्युत कटौती हुँदा उत्पादन लागत बढ्ने, कामदारहरुलाई बिना काम तलब, सेवा-सुविधा दिनुपर्ने लगायतका समस्या बढेको उनीहरु बताउँछन् । जेनेरेटर चलाउन नसक्ने साना, तथा घरेलु उद्योगहरु झनै मर्कामा पर्ने गरेको उनीहरुको भनाइ छ ।

वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हरि गौतमले चलिरहेका उद्योगमा एक्कासी विद्युत कटौती हुँदा मेसिनहरु जल्ने, टुटफुट हुने, कच्चा पदार्थ खेर जाने र उत्पादन लागत बढेर त्यसको प्रत्यक्ष मार उपभोक्तामा पर्ने बताए ।

'अहिले खोलानाला सुकेर पर्याप्त विद्युत उत्पादन छैन तर, भएकै विद्युतलाई सदुपयोग र व्यवस्थापन गरेर बिहान वा बेलुका एक समयमा घोषित रुपमै लोडसेडिङ गरेर ८ घण्टा हामीलाई उद्योग चलाउन देऊ भनेर अनुरोध गर्दा कुनै सुनवाइ भएन,' उनले भने, 'उद्योगीको समस्यामा प्राधिकरण गम्भीर देखिएन ।'

यसरी गैरजिम्मेवार ढंगले विद्युत कटौती गर्दा अन्ततः यसको सबैभन्दा ठूलो असर अर्थतन्त्रमा पर्ने उनले बताए । 'उद्योगीले घाटा खाएर व्यापार गर्दैनन्, नाफा पाउनका लागि सामानको मूल्य बढाउँछ,' उनले भने, 'जसले गर्दा उपभोक्ता नै सबैभन्दा धेरै मारमा पर्दछन्, यो कुरा प्राधिकरणले बुझ्नुपर्छ ।'

बारा-पर्सा औद्योगिक करिडोरमा साना-ठूला गरी ५८५ भन्दा धेरै उद्योग सञ्चालनमा छन्, जसमा सिमेन्ट तथा फलामजन्य, औषधिजन्य, खाद्य उद्योग अधिक छन् ।



**नेपाल सेरामिक्स प्रा.लि.का अध्यक्ष शम्भुनाथ झाले बिना जानकारी विद्युत कटौती गर्दा जेनेरेटर नभएका उद्योगको लाखौं मूल्यको कच्चा पदार्थ खेर जाने बताउँछन् ।**

अघोषित रुपमा ८ देखि १२ घण्टासम्म विद्युत कटौती हुँदा जेनेरेटर चलाउन नसक्ने अधिकांश साना तथा घरेलु उद्योग बन्द नै भइसकेको वीरगञ्ज उद्योग वाणिज्य संघले जनाएको छ ।

नेपाल सेरामिक्स प्रा.लि.का अध्यक्ष शम्भुनाथ झाले बिना जानकारी विद्युत कटौती गर्दा जेनेरेटर नभएका उद्योगको लाखौं मूल्यको कच्चा पदार्थ खेर जाने बताउँछन् ।'विद्युतबाट प्रति युनिट १० रुपैयाँमा हुने काम डिजेलबाट जेनेरेटर चलाउँदा प्रति युनिट ६५ रुपैयाँ खर्च हुन्छ, विगतमा ३० दिन विद्युत प्रयोग गर्दा मासिक ५० लाख मूल्य बराबरको विद्युत खपत हुने गर्दथ्यो,' उनले भने, 'अहिले ४० लाखको विद्युत बिल पनि आउँछ, १ करोडको डिजेल पनि खर्च हुन्छ ।

अब हाम्रो ५० लाख खर्च हुने ठाउँमा १ करोड ४० लाख खर्च भएपछि हामी उद्योग चलाउने कि बन्द गर्ने भन्ने अवस्थामा पुगिसक्यौं ।' विद्युत कटौती भएको विषयमा उद्योगमन्त्री रमेश रिजाल, उद्योग वाणिज्य संघ लगायत विभिन्न निकायलाई लिखित रुपमै जानकारी गराए पनि समाधान नभएको उद्योगीहरुको गुनासो छ ।

सेरामिक्स कम्पनीका अध्यक्ष झाले भने, 'दुई पैसा कमाउन हामीले उद्योग चलाउने हो । यसरी लागत ह्वात्तै बढेपछि कति दिन चलाउने ? अब बन्द गरेर बस्नुपर्ने अवस्थामा आइसक्यो ।'

सो उद्योगले माघ २५ गते जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघलाई पत्र पठाएर अघोषित लोडसेडिङका कारण उत्पादन लागत धेरै बढेको र सबै मेसिन एकैसाथ चलाउन नपाउँदा कारखाना नै बन्द गनुपर्ने स्थिति आएको भन्दै सहजीकरण गरिदिन अनुरोध गरेको थियो ।

नगर उद्योग वाणिज्य संघका अध्यक्ष मोहन शर्माले उद्योगीहरुबाट आएको गुनासोको विषयमा सम्बन्धित निकायलाई जानकारी गराइसकेको बताए । ' अघोषित होइन, निश्चित समयका लागि घोषित रुपमै लोडसेडिङ गरौं भनेर मन्त्री, सचिव, विद्युत प्राधिकरणका कार्यकारी प्रमुख कुलमान घिसिङलाई पनि भेटेर हामीले पहल गरिरहेका छौं,' अध्यक्ष शर्माले भने, 'उद्योगमा उत्पादन लागत बढ्दा त्यसको असर सर्वसाधारणलाई पर्छ । यो कुरा सरकारले समयमै बुझ्नुपर्छ ।'

यता, विद्युत प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख इन्जिनियर रुपेश रुपाखेतीले खोलानाला सुकेको कारण औद्योगिक करिडोरमा आवश्यक विद्युत भारतबाट किनेर उद्योगहरुलाई बिक्री गरिरहेको बताए ।

'विद्युतको लागि हाम्रो अहिले २ वटा स्रोत छन् । एउटा स्रोत भनेको रक्सौलबाट, अर्को पूर्व-पश्चिम प्रसारण लाइनको ढल्केवरबाट, ढल्केवरबाट हेटौंडासम्मको ४ सय केभी लाइन विभिन्न ठाउँमा समस्या भएकाले चाहिने जति पावर हामीले ढल्केवरबाट ल्याउन सकेका छैनौं,' प्राधिकरण सिमरा वितरण केन्द्र प्रमुख रुपाखेतीले भने ।

ढल्केवरबाट लाइन ल्याउन नसकेको अवस्थामा पिक आवरमा पावर अपुग भएकाले लोड व्यवस्थापन गर्नुपर्ने अवस्था आएको उनको भनाइ छ । सोही कारण बिहान-बेलुका लोडसेडिङ गर्नुपरेको उनले बताए ।

प्राधिरकणको अहिलेको प्रसारण लाइनबाट २ सय केभीभन्दा धेरै बिजुली किन्न पनि नमिल्ने र बेच्न पनि नसकिने अवस्था रहेको प्राधिकरणले जनाएको छ । ढल्केवर-हेटौंडा ४ सय केभी प्रसारण लाइन नबन्दासम्म सुक्खायाममा उद्योगहरुले बर्सेनि यो समस्या भोग्नुपर्ने प्राधिकरणको भनाइ छ ।

प्राधिकरणले वैशाखदेखि असोजसम्म भारतलाई विद्युत बिक्री गर्दछ भने कार्त्तिकदेखि चैतसम्म भारतबाट बिजुली किन्ने गर्दछ । चालु आर्थिक वर्षमा प्राधिकरणले १६ अर्बको बिजुली भारतलाई बिक्री गरेको सिमरा वितरण केन्द्रले जनाएको छ ।

# झोलुंगे पुलको उद्घाटन प्रधानमन्त्रीले गर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा-सिराहा जोड्ने कमला नदीमा बनेको नवनिर्मित झोलुंगे पुलको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्डले गर्ने भएका छन् ।

धनुषाको जनकनन्दिनी गाउँपालिका- ६ स्थित कठाल र सिरहाको सिराहा नगरपालिका- १३ स्थित मलहनियाँ जोड्ने कमला नदीको झोलुंगे पुलको आगामी फागुन १२ गते प्रधानमन्त्री प्रचण्डले उद्घाटन गर्ने जनाइएको छ ।

नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्ड आउने भएपछि उनको स्वागतका लागि धनुषा र सिरहा जिल्लाका माओवादी नेता तथा कार्यकर्ताहरु आन्तरिक तयारीमा जुटेका छन् । सो पुलको निर्माण कार्य केही साता अघि मात्रै सम्पन्न



भएको थियो ।

नवनिर्मित झोलुंगे पुलको लम्बाई एक हजार पाँच सय दशमलव ४४ मिटर र एक दशमलव दुई मिटर चौडाइ रहेको छ । सो झोलुंगे नेपालकै सबैभन्दा लामो पुल हो । झोलुंगे पुल निर्माण भएसंगै धनुषा-सिरहाका स्थानीयवासीहरु हर्षित छन् ।

# थुनिए प्रमुख प्रशासकीय अधिकृत



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीका हरिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर कार्की थुनिएका छन् । नगरपालिकाका वडा नम्वर ९ का वडाध्यक्ष विश्वनाथ राय सहितका स्थानीयबासीहरुले प्रमुख प्रशासकीय अधिकृत कार्कीलाई दुई घण्टा कार्यकक्षमै थुनेका छन् ।

हरिपुर नगरपालिका- ९ पिडारीको नाला निर्माण तथा ढलानको लागि संघीय सरकारको सशर्त अनुदान तर्फको ८० लाख बजेट सम्झौता नगरेको भन्दै स्थानीयले उनलाई कार्यकक्षमा थुनेका थिए । योजना कार्यान्वयन गर्न स्थानीयले पटक-पटक प्रमुख प्रशासकीय अधिकृतसंग आग्रह गर्दै आएका थिए ।

कार्की प्रमुख प्रशासकीय अधिकृत भएर आएपछि नगरको विकास बजेट संचालन सुस्त भएको भन्दै कार्यपालिका सदस्य तथा स्थानीयहरूले गुनासो गर्दै बुधबार अधिकृत कमलबहादुर कार्की संग चर्को विवाद गरेका थिए । नगरपालिकाबाट हुने कार्यसम्पादन समेत राम्रोसँग नभएको स्थानीय सेवाग्राहीको गुनासो छ ।

सम्झौता अनुसार काम सम्पन्न गर्दा समेत प्रमुख प्रशासकीय अधिकृत कार्कीले भुक्तानी दिन र वडा तथा नगर स्तरीय योजना सम्झौता गर्न आनाकानी गरेको उपभोक्त समिति र ठेकेदारको आरोप रहेको छ । आर्थिक वर्षको ८ महिनाको अवधिमा पालिकाले १७ प्रतिशत पूँजीगत खर्च गरेको छ भने ४० प्रतिशत चालुतर्फको बजेट खर्च गरेको छ । यस सम्बन्धमा अधिकृत कार्की संग सोध्दा उनले भने- 'कसैले थुनेको थिएन । वादविवाद भएको मात्र छ ।'

वडा नम्बर ९ का वडाध्यक्ष विश्वानाथ रायले भने पालिकामा हाकीम बनेर प्रमुख प्रशासकीय अधिकृत कमलबहादुर कार्की आए देखि विकास निर्माणको काम कछुवाको गतिमा चलेको आरोप लगाए । सेवाग्राहीले पाउने सुविधा समेत समयमा पाउन सकेको छैन ।

केही बर्ष पहिला सर्लाहीको कौडेना गापा र चक्रघट्टा गाउँपालिकामा उनी अधिकृतको रूपमा काम गरिसकेका छन् । त्यो दुबै पालिकामा पनि उनले बजेट चलाउन सकेन । बजेट चलाउन नसकेपछि अधिकृत कार्की यो दुबै पालिकाबाट विवादित भएर जानुपर्ने भएको थियो । अहिले आएर फेरि हरिपुर नगरपालिकामा पनि त्यहि कुरा हुन थालेपछि हाकीम कार्की विवादमा तानिएका छन् ।

# जनकपुर साहित्य महोत्सवको पाँचौ संस्करण सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । 'जनकपुर साहित्य महोत्सव'को पाँचौ संस्करण बिहीबारदेखि सुरु भएको छ ।

नव मिथिला फाउन्डेसनको आयोजना र फ्याक्ट्स नेपालको प्रायोजनमा भइरहेको उक्त महोत्सव आगामी १२ गते सम्म चल्ने आयोजकले जनाएको छ । सो महोत्सवको राम मन्दिरका महन्त राम गिरी र वरिष्ठ साहित्यकार राजेन्द्र विमलले संयुक्त रुपमा समुद्घाटन गरेका थिए । महोत्सवको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै वरिष्ठ साहित्यकार डा.विमलले यस्तो महोत्सवले आफ्नो भाषा, साहित्य, परम्परा, संस्कृतिक, इतिहासको संरक्षण प्रवर्द्धनमा टेवा पुग्ने बताए ।

पछिल्लो समय नेपाली समाजले आफ्ना संस्कृति, परम्परा, लोकगाथालाई विर्सेर पश्चिम मुलुकहरुको संस्कृतिलाई अपनाउदै गएकोप्रति




चिन्ता व्यक्त गर्दै साहित्यकार विमलले भने,'भाषा, सांस्कृतिक परम्परा पहिचानसँग जोडिएको विषय छ । त्यसकारण यसलाई संरक्षण, प्रवर्द्धन गर्नु हरेक नेपालीको दायित्व छ ।' महोत्सवको पहिलो दिन चाहियो रंगाशाला विषयमा श्री रामजानकी अन्तर ाष्ट्रिय रंगशालाका अभियानी दिनेश पूर्वे, क्रिकेट संघ धनुषाका शोभाकान्त पाण्डे, अभियानी सरोज मिश्र सहितले धारणा राखेका थिए ।

स्थानीय राममन्दिरको पार्कमा आयोजना गरिएको महोत्सवमा साहित्य, शिक्षा, स्वास्थ्य, नीति-निर्माण, अर्थतन्त्र, सुशासन, राजनीति, खेलकुद, सम्पदा, संस्कार लगायत १८ वटा विषयमा खुल्ला प्यानल छलफल गरिने कार्यक्रम रहेको छ ।

महोत्सवमा 'चाहियो रंगशाला', 'किताब उपर समीक्षा', 'कसरी हुन्छ निर्णय?', 'नव उद्यमी र उद्यमशीलता','स्वस्थ्य मधेश', 'सम्पदा, संस्कार र साहित्य', 'शिक्षाको नयाँ आवश्यकता र परिभाषा',' मधेशको श्रम यात्रा' लगायत विषयमा विमर्श हुने कार्यक्रम रहेको नव मिथिला फाउन्डेसनका उपाध्यक्ष आदित्य नेपालले जानकारी दिए ।

महोत्सवमा मधेश अपराधी,'बोल्ने स्वतन्त्रत', 'सांस्कृतिक सम्बन्धको डोरी', ' मौन चित्कार' र 'संघीयताः गलत अभ्यास वा कमजोर परिकल्पना' जस्ता शीर्षकमा समेत वृहत छलफल हुने उनले बताए ।

# प्रतियोगिता सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम नगर स्तरीय तीन दिवसीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता सम्पन्न भएको छ ।

सो कार्यक्रममा सहभागी भएका विजयी विद्यार्थी खेलाडीहरूलाई मेयर मनोज कुमार साहले पदक, शिल्ड तथा प्रमाणपत्र प्रदान गरेका छन् ।

एथलेटिक्स, भलिबल र कराँते प्रतियोगिता अन्तर्गत छात्र तथा छात्रातर्फ प्रथम, द्वितीय तथा तृतीय हुनेलाई शिल्ड, कप, पदक तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

सो समापन तथा पुरस्कार वितरण कार्यक्रममा बोल्दै जनकपुरधाम उपनगरपालिकाका मेयर साहले विद्यालयस्तरीय राष्ट्रपति रनिंग शिल्ड प्रतियोगितालाई उपमहानगरपालिकाले शैक्षिक क्यालेन्डरमा नै समावेश गरेर प्रत्येक वर्ष आयोजना गर्ने बताए ।

उनले सुरुमा ६ वटा खेल गराउने कार्यक्रम रहेकोमा समयको अभावका कारणले एथलेटिक्स, भलिबल र कराँते प्रतियोगिताको आयोजना गरेको बताए । जनकपुरधाम नगरभित्रमा रहेका १ सय ५० वटा विद्यालय भएको र राम्रो तयारी गरेर अर्को पटकको राष्ट्रपति रनिंग शिल्ड प्रतियोगिता गरिने जनाइएको छ ।

एथलेटिक्स प्रशिक्षक कन्हैया कर्णले प्रतियोगितामा १२ वटा विद्यालयहरू सहभागी रहेको जानकारी दिए ।

# पेस्तोलसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

पर्सा । बहुदरमाई नगरपालिका-९ बाट कट्टुवा पेस्तोल १ थानसहित २ जनालाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा कालिकामाई गाउँपालिका-९ कटिबलुवा बस्ने ४४ वर्षीय दिपेन्द्र गिरी र पोखरिया नगरपालिका-९ बैरियाबिर्ता बस्ने ३७ वर्षीय शिवपुजन मुखिया रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले ना.१२ प ४९७१ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पेस्तोलसहित पक्राउ गरेको छ ।

यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

**लेखापाल - २ (दुई) जना**

(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

**सम्पर्क**

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**मोबाइलको लतबाट बालबालिकालाई बचाऔं**

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक-पटक ब्युझँने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मानसिक तथा विकासमा नै असर पुर्‍याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरुको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,

**अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ, त्यसैले अभिभावकले मोबाइलको काम प्रयोग गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८